# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३०० | काठमाडौं | सोमबार, १२ फागुन २०८१ | Prabhab National Daily | Monday, February 24, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


पाथिभरा केबलकार विवाद थप चर्काउँदै सरकार

# निषेधाज्ञा लगाएर केबलकारको काम धमाधम

## आन्दोलनरत पक्ष भन्छ- राज्यपक्ष दमनमा उत्रियो



शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरेपछि आन्दोलनकारी तितरबितर भए । चन्द्र मादेनको घरको कोठामा बसेका आन्दोलनकारीलाई अश्रुग्यास प्रहार गरेर मरणासन्न कुटपिट गरेर पक्राउ गरियो ।

**खगेन्द्र माखिम**
**आन्दोलनरत पक्षका नेता**



स्थिति थप भड्किन नदिन र उच्छृंखल गतिविधिलाई नियन्त्रण गर्न निषेधाज्ञा जारी गरिएको हो । निषेधाज्ञा अनिश्चितकालीन हो ।

**नेत्रप्रसाद शर्मा**
**प्रजिअ, ताप्लेजुङ**

**जेबी योञ्जन**

**काठमाडौं–** ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा केबलकार निर्माणको विषयलाई लिएर उत्पन्न विवाद द्वन्द्वतर्फ धकेलिने जोखिम बढेको छ । केबलकार खारेजीको माग गर्दै आन्दोलनमा उत्रिएको पक्ष र सुरक्षाकर्मीको घेरामा जबरजस्ती केबलकार बनाउन लागिपरेको राज्यपक्षबीच द्वन्द्व बढ्दै गएको हो । शनिबार साँझ ताप्लेजुङ सदरमुकाम फुङ्लिङ बजारमा राँके जुलुस निकाल्ने क्रममा आन्दोलनरत पक्ष र प्रहरीबीच भएको झडपपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ ।

आन्दोलनरत पक्षले शनिबारको झडपपछि दुई जना बेपत्ता भएका बताएको छ । आन्दोलनमै रहेका नेता खगेन्द्र माखिमका अनुसार बेपत्ता भएकामा होमराज आङ्बुहाङ र हरिराज खिम्दिङ छन् । पाँच जना गम्भीर घाइते रहेको उनले बताए । समर येङ्देन, शिशिर पोमु, एनके दर्नाल, राम राई र नेपाली सेनाका पूर्वमेजर असिम पालुङ्वाको अवस्था गम्भीर छ । घाइतेहरू १३ जना रहेको माखिमले बताए ।

उनका अनुसार १५ जना पक्राउ परेका छन् । पक्राउ परेकाहरू ताप्लेजुङका नवीन पोमु, पाँचथरका यमन राई, मित्र लिङ्देन र सुनिता केरुङ, इलामका योगेन्द्र लाओती, झापाकी दिक्षा क्षेत्री, इक्सा लिम्बू र निहा चेम्जोङ छन् । मोरङका तुलाराम तामाङ र हरि लिम्बू, सुनसरीका विवेक लिम्बू, जुरन राई, अर्जुन तामाङ, अनुप सुब्बा र विशेष सुब्बा पनि

क्रमशः पृष्ठ २ मा

## केबलकार निर्माण रोक्न संसद्बाटै माग

प्रतिनिधिसभा बैठकमा सांसदहरूले ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा जनताको सहमतिविपरीत केबलकार निर्माण थालिएको भन्दै तत्काल रोक्न माग गरेका छन् । सम्भावित दुर्घटनालाई टार्न भए पनि निर्माण कार्य रोकेर आन्दोलनरत पक्षसँग वार्ताका लागि सरकारको ध्यानाकर्षण गराएका छन् । सरकारले खेलाँचीले ताप्लेजुङ दिनानुदिन रणमैदान भएको भन्दै सांसदहरूले चिन्ता प्रकट गरेका छन् ।

आइतबार प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले जनताको चाहना बुझ्न नखोज्दा मुक्कुम्लुङ रणमैदानमा परिणत भएको बताए । एक व्यापारी (चन्द्र ढकाल)को स्वार्थ पूर्ति गर्न समाजमा जनता लडाउने काम सरकारले गरेको भन्दै आक्रोश पोखे ।

'सरकारले किन अनदेखा गरेको ? मन्त्रीस्तरको वार्ता गर्न सरकार किन तयार नभएको,' उनले भने, 'सरकारी तवरबाटै पाथीभरा क्षेत्र व्यापारीको हातमा दिनका लागि योजनाबद्ध रूपमा काम भएको छ, सुरुमा कञ्चनजंघा संरक्षण क्षेत्रबाट पाथीभारालाई अलग गरियो, त्यसपछि व्यापारीलाई केबलकार बनाउन दिन निर्णय गरियो ।'

क्रमशः पृष्ठ २ मा

# कुलमान हटाउने तयारीमा सरकार

- आजको मन्त्रिपरिषद्मा कुलमानलाई पदमुक्त गर्न प्रस्ताव लैजाँदै ऊर्जामन्त्री दीपक खड्का
- सरकारको तयारीलाई सजिलो हुनेगरी विद्युत् नियमन आयोगबाट कुलमानको अडान विपरीतको निर्णय
- १८ घण्टासम्म लोडसेडिङ सहँदै आएको नेपालले कुलमान प्राधिकरणको कार्यकारी निर्देशक भएसँगै यसबाट मुक्ति पाएको थियो





**प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने तयारी गरेको छ । ऊर्जामन्त्री दीपक खड्काले आज बस्ने मन्त्रिपरिषद् बैठकमा कुलमानलाई पदबाट हटाउने प्रस्ताव पेस गर्ने तयारी रहेको मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

यसअघि फागुन ६ गतेको मन्त्रिपरिषद्मासमेत ऊर्जामन्त्री खड्काले कुलमानलाई पदबाट हटाउने प्रस्ताव लगेका थिए । गृहमन्त्री रमेश लेखकलगायतले अहिलेको अवस्थामा कुलमानलाई हटाउँदा सरकार अप्ठेरोमा पर्ने बताएपछि प्रधानमन्त्री केपी शर्मा ओली पछाडि हटेको एक मन्त्रीले बताए । 'सरकारको काम केही देखिन्न । यही बेला कुलमान हटाए थप आलोचित बन्नुपर्छ,' बैठकमा गृहमन्त्री लेखकले भनेका थिए ।

कुलमानलाई हटाउन लागि परेका मन्त्री खड्का र गृहमन्त्री लेखक दुवै नेपाली कांग्रेसका नेताहरू हुन् । यता प्रधानमन्त्री ओली भने कुलमानलाई हटाउनुपर्ने पक्षमा रहेका छन् । उनको ठाउँमा पूर्वसचिव अर्जुनकुमार कार्कीलाई लैजाने सरकारको तयारी रहेको बुझिएको छ ।

गत मंगलबारको प्रतिनिधिसभा बैठकमा ऊर्जामन्त्री खड्काले कुलमानलाई हटाउने संकेत गरेका थिए । त्यतिबेला खड्काले सबैले कुलमानलाई देवता बनाएको भन्दै असन्तुष्टि पोखेका थिए । 'अहिले नेपाल विद्युत् प्राधिकरणका एमडीको कारणले लोडसेडिङ नभएर उत्पात भएजस्तो मान्नुहुन्छ । तत्कालीन अवस्थामा आठ वर्ष अगाडि नेपालको आवश्यकता लोडसेडिङ हुन नदिनका लागि साढे ४०० मेगावाटको आवश्यकता रहेछ,' खड्काले भनेका थिए, 'त्यो कम भएको विद्युत् भारतबाट ल्याइयो । भारतबाट विद्युत् ल्याउनका लागि त पहिले नै ट्रान्समिसन लाइन बन्नुपर्थ्यो होला नि ! त्यो ट्रान्समिसन लाइन कसका कारणले बनेको हो ? अनि उहाँ देवता हुनुभयो ? अचम्म लाग्छ ।'

सरकारसँग अटेरी स्वभाव देखाएकोले यसमा लगाम लगाउनैपर्ने मन्त्री खड्काको जोड थियो । 'उहाँले केही राम्रो काम गर्नुभयो होला । त्यसका लागि पुरस्कार के दिनुपर्छ दिउँला । सञ्चालक समिति निर्णय गर्छ उहाँ कार्यान्वयन गर्नुहुन्न । सरकारलाई टेर्नुहुन्न । सतप्रतिशत लगानी सरकारको छ । कर्मचारीहरू भाषण गर्दै जानुहुन्छ । तपाईंले नोटिस गर्नुपर्छ उहाँको गतिविधिलाई यस्ता अराजक गतिविधिलाई सरकारले सधैं हेरेर बस्ने कुरा त हुँदैन । लगाम त लाउनुपर्छ । तर एउटा कर्मचारीको विषयमा सम्मानित विषयमा किन यति ठूलो कुरा गर्नुपरेको मलाई अचम्म लागेको छ,' खड्काले भनेका थिए ।

सरकारको तयारीलाई सजिलो हुनेगरी विद्युत् नियमन आयोगले कुलमानको अडानविपरीतको निर्णय गरेको छ । आइतबारमात्र आयोगले कार्यकारी निर्देशक घिसिङले बक्यौता विवादमा परेका उद्योगहरूको लाइन काट्न रोक लगाएको हो । प्राधिकरणले गत माघ २७ गते बक्यौता विवादमा परेका उद्योगहरूको लाइन काट्ने विषयमा नियमन आयोगसँग सहमति माग्दै पत्र पठाएको थियो ।

आयोगले भने हालसम्म डेडिकेटेड र ट्रंक लाइन महसुलबारे अध्ययन गर्न बनेको समितिले प्रतिवेदन नै नबुझाएको भन्दै हाललाई यथास्थितिमा राख्न निर्देशन दिएको छ ।

क्रमशः पृष्ठ २ मा

## कुलमानलाई कमजोर बनाउन अनेक हत्कण्ड

नेपाल विद्युत् प्राधिकरण ऊर्जा मन्त्रालयको एक विभाग हो । प्राधिकरणका कार्यकारी निर्देशक मन्त्रालयको कर्मचारी पनि हो । तर ऊर्जामन्त्री दीपक खड्काले भने कुलमानलाई प्रतिस्पर्धीझैं व्यवहार गरी टकराव बढाउँदै लगेका छन् । मन्त्री खड्काले गत मंसिरमा प्राधिकरण पुगेर आफू बस्ने कार्यकक्षसमेत बनाए ।

कुलमानलाई कमजोर बनाउन खड्काले ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यसहितका कर्मचारीलाई आफ्नो पक्षमा तान्दै आएका छन् । यसैगरी खड्काले कुलमानका सहयोगी मानिने प्रबल अधिकारीलाई प्राधिकरणको नेतृत्व दिने लोभ देखाउँदै मन्त्रीको ऊर्जाविज्ञ बनाइसकेका छन् । अघिल्लो मंसिरमा अधिकारीलाई कुलमानले अवकाश हुनु ठीक दुई दिनअघि उपकार्यकारी निर्देशकमा बढुवासमेत गरेका थिए । वरिष्ठत आधारमा अरु उम्मेदवार भए पनि कुलमानकै विश्वासपात्र भएका कारण अधिकारीले त्यतिबेला बढुवा पाएका थिए । उनै प्रबल प्रयोग गर्दै ऊर्जामन्त्री खड्काले भने कुलमानको कमजोरीमाथि प्रहार गर्न थालेका हुन् ।

त्यतिबेला बढुवा गरे पनि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान बेलाबेला यो निर्णयबारे पछुतो मान्ने गरेको कर्मचारीहरू बताउँछन् । 'मैले नै अघि बढाएको मान्छे हो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# न्यायका लागि जुट्दै वैदेशिक रोजगारपीडित

## देशभरका ८० हजार पीडित सडकमा आउने चेतावनी



तस्बिर: रिपोर्टर्स क्लब

**प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीको नाममा विभिन्न म्यानपावर कम्पनी र कन्सल्टेन्सीबाट ठगिएका युवाहरूले न्यायको माग गरेका छन् । उनीहरूले आइतबार पत्रकार सम्मेलन गर्दै न्याय नपाए सडकमा उत्रने चेतावनी दिएका छन् । देशभरबाट करिब ८० हजार युवा ठगीमा परेको उनीहरूको दाबी छ ।

पत्रकार सम्मेलनमा १० वटाभन्दा बढी म्यानपावरबाट ठगिएका युवाहरूका साथै अभियन्ताहरूकोसमेत उपस्थिति रहेको थियो । युवाहरू आफ्नै देशभित्र ठगिँदा पनि सरकार टुलुटुलु हेरेर बसेको भन्दै उनीहरूले आक्रोश पोखे । म्यानपावर तथा कन्सल्टेन्सीबाट ठगिएकालाई न्याय माग्न प्रदर्शन गर्दा सरकारले उल्टै आफूहरूमाथि दमन गरेको गुनासो गरेका छन् ।

पीडितहरूलाई एकजुट गराइरहेका अछामका प्रकाश रावलले प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक र श्रममन्त्री शरतसिंह भण्डारीले आफूहरूलाई न्याय दिलाउने अपेक्षा रहेको बताए । पीडितको पक्षमा आवाज उठाउँदा आफूलाई ज्यान मार्नेसम्मको धम्की आएको उनले बताए । 'काठमाडौं ब्राइट ह्युमन रिसोर्स प्रालिका सञ्चालकले पीडितलाई उकास्ने काम बन्द नगरे मारेर फलिदिने धम्की दिएका छन्,' उनी भन्छन्, 'तर म आफैं पीडित हुँ, २६ महिनादेखि मरेर हिँडिरहेको छु । मैले काम गर्दै आएको कन्सल्टेन्सी फरार भएको छ । सबैलाई कारबाहीको दायरामा नल्याएसम्म म पछि नहट्ने छैन ।'

श्रममन्त्री भण्डारीलाई आफ्नो समस्या सुनाउन जाँदा २६ महिनाअघि आफू श्रममन्त्री नभएको भन्ने ठाडो जवाफ दिएर पन्छिएको रावलले बताए । मुद्दा दर्ता गराउन जाँदा आफूहरूलाई घण्टौं कुराउने, सरकारसँग आफ्नो समस्या राख्न जाँदा प्रहरी प्रशासनको प्रयोग गरेर थुन्न लगाउनेजस्ता ज्यादती सरकारले गरेको भन्दै ८० हजार युवा सडमा उत्रिए थाम्न गाह्रो पर्ने चेतावनी दिए । सरकारले ठगलाई उन्मुक्ति दिएर पीडितलाई थुन्ने गरेको भन्दै उनले चिन्ता व्यक्त गरे ।

क्रमशः पृष्ठ २ मा

# पोर्चुगलमा नेपाली दूतावास स्थापना

## लामो समयपछि यहाँ नेपाली दूतावास स्थापना भएपछि पोर्चुगलवासी नेपाली उत्साहित



**लिस्बन (पोर्चुगल)–** युरोपेली मुलुक पोर्चुगलमा पहिलोपटक नेपाली दूतावास स्थापना भएको छ । परराष्ट्र मन्त्रालयबाट आएका कर्मचारीको टोलीले राजधानी लिस्बनमा दूतावास स्थापनापछि सेवा दिन सुरु भएको हो । दूतावासले लिस्बनस्थित अल्कान्तारामा अस्थायी कार्यालय सञ्चालन गरेर सेवा प्रवाह गर्न सुरु गरेको जनाएको छ । नेपाली दूतावास लिस्बनले फ्रान्सस्थित नेपाली दूतावाससँगको सहकार्यमा घुम्ती सेवा सञ्चालन गरेर राहदानीसहित आवश्यक कागजात प्रमाणीकरणसम्बन्धी 'कन्सुलर' सेवा दिन सुरु गरेको हो ।

शुक्रबारदेखि सुरु भएको घुम्ती सेवाबाट प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) सहित करिब २०० कागजात प्रमाणीकरणको सेवा दिन थालेको दूतावासले जनाएको छ । शिविर अवधिभर दूतावासले अधिकृत वारेसनामा प्रमाणीकरणबाहेकका अन्य प्रहरी चारित्रिक प्रमाणपत्र, नाता प्रमाणित, जन्मदर्ता, विवाह दर्तालगायत कागजात प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा प्रदान गर्ने छ ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### कुलमान हटाउने...

'समितिको प्रतिवेदन प्राप्त नहुँदासम्म उद्योगहरूको लाइन नकाट्नू, बक्यौता उठाउने कार्य भने निरन्तर गर्नू,' आयोगको पत्रमा भनिएको छ । उद्योगहरूको लाइन काट्दा रोजगारी गुम्ने तथा उत्पादनमा असर पर्ने भन्दै आयोगले तत्काल निर्णय नगर्न निर्देशन दिएको छ ।

गत मंसिर ९ गते नियमन आयोगले बक्यौता उठाउनका लागि लाइन काट्नेबाहेकका विकल्प खोज्न निर्देशन दिएको थियो । तर, वैकल्पिक उपायले समस्या समाधान नहुने निष्कर्ष निकाल्दै घिसिङले माघ २७ मा पुनः आयोगसँग सहमति मागेका थिए ।

ऊर्जा मन्त्रालयले मंसिर २ गते मन्त्रीस्तरीय निर्णयमार्फत टिओडी मिटर अध्ययन गर्न अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो । तर, तीन महिना बितिसक्दा पनि समितिले अध्ययन सुरु गर्न सकेको छैन । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले उक्त समितिलाई अवैधानिक भन्दै 'नोट अफ डिसेन्ट' नै लेखेका छन् । उनले समितिलाई आवश्यक तथ्यांकसमेत उपलब्ध नगराउने निर्णय गरेका थिए । डेडिकेटेड र ट्रंक लाइन महसुल नतिरेको भन्दै प्राधिकरणले गत कात्तिकमा उद्योगीको लाइन काटेको थियो ।

■■■

### निषेधाज्ञा लगाएर...

पक्राउ परेका छन् । नेता माखिमले शान्तिपूर्ण प्रदर्शनमा प्रहरी हस्तक्षेप भएको बताए ।

'तल्लो फेदीबाट हिँडेर पदयात्रीहरू फुङ्लिङ बजारमा आइपुग्दा साँझ परेको अवस्था थियो । आइपुगेपछि हामीले शान्तिपूर्ण जुलुस गरिरहँदा एक्कासि प्रहरीले हस्तक्षेप गर्‍यो,' उनले प्रभावसँग भने, 'हस्तक्षेपपछि आन्दोलनकारी तितरबितर भए र चन्द्र मादेनको घरको कोठामा बसेका आन्दोलनकारीलाई अश्रुग्यास प्रहार गरेर मरणासन्न कुटपिट गरेर पक्राउ गर्‍यो ।'

प्रहरीले भने आन्दोलनकारीहरूले सर्वसाधारणको घरघरमा मसाल फालेपछि स्थिति नियन्त्रणमा लिएको जनाएको छ । सम्भावित दुर्घटनालाई नियन्त्रणमा लिनु प्रहरीको कर्तव्य भएको र सोही कार्य गरेको प्रहरी नायव उपरीक्षक (डिएसपी) रवि रावलले बताए ।

'आन्दोलनकारीहरूले घरघरमा आगो लगाउने प्रयास गरेपछि त्यो नियन्त्रणमा लिएको हो, हामीले दमन गरेको केही होइन । केहीलाई नियन्त्रणमा लिएका छौं, बेपत्ता पारेको भन्ने कुरामा सत्यता छैन,' डिएसपी रावलले भने । केबलकार निर्माण भएको फुङ्लिङ नगरपालिकाको वडा नम्बर ११ स्थित काफ्लेपाटीमा हो । त्यहाँ केबलकारको पहिलो स्टेसन निर्माणाधीन छ । केबलकार पक्ष र सुरक्षाकर्मीबीच त्यहाँ शुक्रबार झडप भएको थियो । त्यसपछि तल्लो फेदी क्षेत्रमा आन्दोलनरत नो केबलकार पक्ष शनिबार साँझ सदरमुकाम फुङ्लिङ झरेका थिए । सोही क्रममा उनीहरूले राँके जुलुससहित कोणसभाको तयारी गरेका थिए । त्यहीबेला प्रहरीले दमन गरेको माखिम बताउँछन् ।

यता जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले शनिबार मध्यरातिदेखि नै जारी गरेको निषेधाज्ञा अझै फिर्ता लिएको छैन । प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले निषेधाज्ञा अनिश्चितकालीन भएको बताए । 'स्थिति थप भड्किन नदिन र उच्छृंखल गतिविधिलाई नियन्त्रण गर्न निषेधाज्ञा जारी गरेका हौं,' उनले भने ।

निषेधाज्ञामा उल्लेख भएअनुसार ताप्लेजुङ सदरमुकाम फुङ्लिङ बजार क्षेत्र र पाथीभराको काफ्लेपाटी, बलुडाँडा क्षेत्रमा निषेधाज्ञा कार्यान्वयन हुने छ । जिल्ला प्रशासन कार्यालयको सूचनामा प्रतिकूल परिस्थिति बनेका कारण स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) (क) बमोजिम निषेधाज्ञा जारी गरिएको उल्लेख छ ।

सूचनामा सदरमुकाम फुङ्लिङ बजारसहित पूर्वतर्फ फुङ्लिङ नगरपालिका ७ सल्लेरी, पश्चिममा घोडेटार थलङधारा, उत्तरतर्फ उकालीपानी र दक्षिणतर्फ शेर्पा टोल, भेटेरिनरी कञ्चनजंघा टोलसम्म निषेधाज्ञा तोकिएको छ । पाथीभरा क्षेत्रको काफ्लेपाटी बलुडाँडाको पूर्वतर्फ पर्यटक प्रहरी भवन, पश्चिमतर्फ बलुडाँडा डढेले इलाका, उत्ततरतर्फ केबलकार बेस स्टेसन र दक्षिणतर्फ निर्माणधीन नयाँ बसपार्कको १०० मिटर क्षेत्रभित्र सीमा निषेधाज्ञाका लागि तोकिएको छ ।

ती क्षेत्रहरूमा पाँच जनाभन्दा बढी मानिस भेला हुन नपाउने, सभा, जुलुस, प्रदर्शन र घेराउजस्ता गतिविधि गर्न नपाउने सूचनामा भनिएको छ । उल्लंघन भएमा कारबाही गर्ने चेतावनीसमेत दिइएको छ ।

आन्दोलनरत पक्षले भने निषेधाज्ञा फिर्ता लिन माग गरेको छ । घाइतेहरूको उपचार, पक्राउ परेकाहरूको रिहा र बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न माग गरेका छन् । विज्ञप्ति जारी गर्दै शान्तिपूर्ण आन्दोलनमा दमन गर्ने प्रमुख जिल्ला अधिकारी शर्मा र प्रनाउ रावललाई कारबाहीका लागि माग भएको छ । केबलकार निर्माण खारेजीको माग गरेका छन् । तर, सुरक्षा घेराबीच काफ्लेपाटी क्षेत्रमा केबलकार निर्माणको काम तीव्र गतिमा भइरहेको छ । केबलकार निर्माणको मुख्य लगानीकर्ता चन्द्र ढकाल हुन् । उनी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन् । ताप्लेजुङ नै घर भएका ईश्वरी पौडेल पनि लगानीकर्ता छन् । उनी एमाले सचिव योगेश भट्टराईनिकट मानिन्छन् । केबलकार निर्माणको काम हप्तौंदेखि आन्दोलन भइरहँदा पनि जारी राखिएको छ ।

■■■

### केबलकार निर्माण ...

उनले जनताको इच्छाविपरीत राज्यशक्ति लगाएर केबलकार निर्माण अघि काम बढिरहेको बताउँदै जनताले उक्त धार्मिक स्थलमा केबलकार नचाहेको र प्रतिकारमा उत्रिएको जानकारी गराए । तर, लिङदेनलेभन्दा पहिले बोलेका ताप्लेजुङबाट निर्वाचित एमाले सांसद योगेश भट्टराईले पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा केबलकार बनाउने विषयलाई लिएर केही दिनदेखि तनाव सिर्जना भइरहेको बताउँदै केबलकार बनाउने उचित हो वा होइन वार्ता र संवादबाट टुंग्याउनुपर्ने उल्लेख गरे ।

उनी आन्दोलनकारीहरूविरुद्ध खरो रूपमा प्रस्तुत भए । 'लोकतन्त्रमा विरोध गर्न पाइन्छ तर विरोधका पनि सीमा हुन्छ । शनिबार राति ताप्लेजुङ सदरमुकाममा जसरी राँके जुलुसको आगो घरघरमा फाल्ने काम भयो, सुरक्षाकर्मीमाथि आक्रमण भएको छ,' उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सांसद डा. तोसिमा कार्कीले सो क्षेत्रमा केबलकार निर्माण विवादरहित बनाउनुपर्ने बताइन् । सरकारले बल प्रयोग गरेर नभई वार्ताबाट समाधान खोज्नुपर्नेमा जोड दिइन् । उनले सो आयोजनाको निर्माण तत्काल स्थगन गरेर सरोकारवाला सबैसँग संवाद गरेर समाधान गर्न सरकारसँग आग्रह गरिन् ।

नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदी, जनता समाजवादी पार्टी नेपालकी सांसद सुशीला श्रेष्ठ र कोशीका माओवादी सांसद इन्द्र आङ्बोलगायतले सरकारी वार्ता टोली मन्त्रीस्तरीय गठन गरेर आन्दोलनकारीलाई वार्तामा बोलाउन दबाब दिए । यसअघि सरकारले गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा सरकारी वार्ता टोली गठन गरेको थियो । उक्त टोलीसँग आन्दोलनरत नो केबलकार पक्षबाट वार्ता सहजीकरण गर्न गठित समितिले यसअघि माघको तेस्रो साता संवाद गरेको थियो । त्यसक्रममा २२ माघमा छ बुँदे सम्झौता दुई पक्षबीच भएको थियो । तर, राज्य पक्षले केबलकार निर्माण नरोक्ने र पक्राउ परेकालाई ससर्त रिहा गरेपछि आन्दोलनरत पक्ष थप आन्दोलित भएको हो । आन्दोलनरत पक्षले मन्त्रीस्तरीय वार्ता टोलीसँग मात्रै वार्ता गर्ने जवाफ फर्काउँदै आएको छ ।

■■■

### कुलमानलाई कमजोर...

अहिले मलाई नै अप्ठेरोमा पर्ने गरी काम गर्दै छन्,' घिसिङको भनाइ उद्धृत गर्दै प्राधिकरणका एक कर्मचारीले भने । खासगरी खड्काले प्राधिकरणमा आफू निकटलाई नियुक्त गर्न चाहेको देखिन्छ । तर योग्य कर्मचारी हटाउन नमिल्ने भन्दै अडान कसेकाले आफू मन्त्रीको तारो बनेको कुलमानको आरोप छ । कुलमानलाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले २०७८ साउन २७ गते दोस्रोपटक प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । यसरी हेर्दा उनको कार्यकाल अब पाँच महिना बाँकी छ । १८ घण्टासम्म लोडसेडिङ सहँदै आएको नेपालले कुलमान प्राधिकरणको कार्यकारी निर्देशक भएसँगै यसबाट मुक्ति पाएको थियो । पहिलोपटक प्राधिकरणको नेतृत्वमा पुगेकै बेला २०७५ वैशाखमा घिसिङले लोडसेडिङमुक्त नेपाल घोषणा गरेका थिए ।

■■■

### न्यायका लागि...

अर्का अभियन्ता अर्जुन पौडेलले सरकार र वैदेशिक रोजगार व्यवसायी मिलेर पीडितहरूमाथि आक्रमण गरेको आरोप लगाए । न्याय नपाएसम्म आफूहरू पीडितको साथमा रहने उनको भनाइ छ । 'सरकारले व्यवसायीहरू समस्यामा रहेको बताउँदै आएको छ । व्यवसायी र पीडित दुवै पक्षलाई एकै ठाउँमा राखेर संवाद गर्न सरकार किन चाहँदैन ?,' उनले प्रश्न गरे ।

कन्सल्टेन्सीपीडित कैलालीका नवराज भट्टले न्याय माग्न जाँदा उच्च पदस्थहरूले 'हामीलाई सोधेर पैसा दिएको हो ?' भनेर उल्टै प्रश्न गर्ने गरेको गुनासो गरे । कानुनी बाटो अपनाउँदा पनि अदालतबाट मिल्न दबाब दिएको उनको भनाइ थियो । पीडितलाई चोटमाथि चोटलाग्दा सरोवारवालाहरू मूकदर्शक बनेको उनले बताए । 'वैदेशिक रोजगार विभागले पनि हामीलाई विभिन्न बहानामा झुलाउने काममात्र गरेको छ । सबै पीडितहरू एकजुट भएर पीडकको कठालो समातेरै छोड्नुपर्छ,' भट्टले आक्रोश पोखे ।

अर्का पीडित राकेश शाक्यले दुई वर्षअघि राइट कन्सल्टेन्सीले फिनल्यान्ड पठाइदिने भनेर ठगी गरेको र त्यसपछि बानेश्वरको सबकुरा प्रालिले क्रोएसिया पुर्‍याउने भन्दै फेरी ठगी गरेको बताए । 'म सहित मेरी श्रीमती र भाइले पनि दुईवटै कन्सल्टेन्सीमा पैसा बुझाएका थियौं । जोबाट पनि ठगिने मात्र भइरहेको छ,' उनी भन्छन्, 'यस्तो भइरहँदा पनि सरकार हेरेरै मात्र बस्ने रहेछ ।'

पत्रकार सम्मेलनमा बानेश्वरमा अवस्थित सबकुरा प्रालि, ललितपुरको इटुडब्ल्यू, कलंकीको पल्स वेभ कन्सल्टेन्सी, कार्की कन्सल्टेन्सी तथा विभिन्न म्यानपावर पीडितहरू उपस्थित भएका थिए । सबकुराले ७०० जना, ललितपुरको इटुडब्ल्यूले ७०० जना, कार्की कन्सरटेन्सीले ३०० जना, महाराजगञ्जको ब्राइट ड्रिमले ७०० जनाबाट पैसा उठाएर भागेको घटना पछिल्लोपटक सार्वजनिक भएको छ । वैदेशिक रोजगार विभागले पनि पछिल्लो दुई-तीन महिनायता कन्सल्टेन्सीबाट ठगीका घटना बढ्दै गएको बताएको छ ।

■■■

### पोर्चुगलमा नेपाली...

यस्तै यसअघि सञ्चालन भएको घुम्ती शिविरबाट विद्युतीय राहदानीका लागि आवेदन दिएका सेवाग्राहीको तयार भएर आएको राहदानी वितरण गर्ने छ भने विविध कारणले राहदानी तयार हुन नसकेका सेवाग्राहीको पुनः जैविक तथ्यांक संकलन गरिने दूतावासले जनाएको छ ।

कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई सहज बनाउने उद्देश्यले हालका लागि घुम्ती सेवा सञ्चालन गरेर नेपाली दूतावास लिस्बनले राहदानीसहित अन्य कागजात प्रमाणीकरणसम्बन्धी अत्यावश्यक सेवा प्रवाह गर्न सुरु गरेको पोर्चुगलका लागि कार्यवाहक राजदूत रामबाबु नेपालले जानकारी दिए । लिस्बनस्थित नेपाली दूतावासबाट यथाशीघ्र सम्पूर्ण सेवा प्रवाह हुने बताउँदै उनले त्यसका लागि केही समय लाग्ने भएकाले धैर्य गर्न पोर्चुगलवासी नेपालीलाई आग्रह गरे ।

'हामीले लिस्बनमा दूतावास स्थापना गरेर सेवा प्रवाह गर्न सुरु गरेका छौं । हालका लागि अस्थायी कार्यालय सञ्चालन भएको छ,' नेपालले भने, 'दूतावासको स्थायी कार्यालय र कर्मचारीको निवासका लागि भवनको खोजी भइरहेको छ । नयाँ दूतावास भएकाले आन्तरिक तयारी र व्यवस्थापनमा पनि जुटिरहेका छौं ।'

पोर्चुगलका लागि नवनियुक्त नेपाली राजदूत प्रकाशमणि पौडेल केही दिनभित्रै पोर्चुगल आउने र त्यसपश्चात् दूतावासले सम्पूर्ण सेवा प्रदान गर्ने कार्यवाहक राजदूत नेपालले जानकारी दिए । उनका अनुसार कन्सुलर सेवा सुरु भएसँगै प्रहरी चारित्रिक प्रमाणपत्रसहित अन्य कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका सेवाग्राही नेपालीको दूतावास परिसरमा घुइँचो लाग्ने गरेको छ । दूतावासले कन्सुलर सेवा विभाग काठमाडौंले प्रमाणीकरण गरेको प्रहरी चारित्रिक प्रमाणपत्र, जन्मदर्ता, नाता प्रमाणित, विवाह दर्तालगायत अन्य कागजात प्रमाणीकरणसम्बन्धी सेवा प्रदान गर्ने जनाएको छ । घुम्ती सेवामा फ्रान्सस्थित नेपाली दूतावासकी नियोग उपप्रमुख सीता बस्नेत, नेपाली दूतावास लिस्बनका तृतीय सचिव अनिल रानालगायत कर्मचारी खटिएका छन् । दूतावासले फेब्रुअरी २६ अर्थात् फागुन १४ गतेसम्म घुम्ती सेवा प्रदान गर्ने र त्यसपश्चात् आफ्नो नियमित सेवा प्रवाह गर्ने जनाएको छ ।

लामो समयपछि यहाँ नेपाली दूतावास स्थापना भएपछि पोर्चुगलवासी नेपाली उत्साहित भएका छन् । दूतावास नहुँदा लामो समयदेखि राहदानीसहित कागजातसम्बन्धी समस्या भोग्दै आएका पोर्चुगलवासी नेपालीले अन्ततः दूतावास स्थापना भएसँगै सहज भएको बताएका छन् । दूतावास स्थापना भएपछि कागजात प्रमाणीकरण र राहदानी बनाउन स्पेन, फ्रान्सलगायत नेपाली दूतावास रहेका अन्य मुलुक जानुपर्ने बाध्यता अन्त्य भएको छ । पोर्चुगलमा नेपालीको यकीन तथ्यांक नभए पनि अनुमानित ६० हजारको हाराहारीमा रहेका दूतावासले अनुमान गरेको छ । यसअघि पटक-पटक फ्रान्सस्थित नेपाली दूतावासको टोली र राहदानी विभाग काठमाडौंको टोली पोर्चुगल आएर घुम्ती सेवामार्फत पोर्चुगलवासी नेपालीलाई सेवा प्रदान गर्दै आएको थियो । यसअघि पोर्चुगलका लागि राजदूत सिफारिस भएका शनिल नेपाल पोर्चुगल आउन नपाएपछि फिर्ता बोलाइएको थियो ।

नेपाललाई फिर्ता बोलाएसँगै दूतावास स्थापनाको विषय केही समय अन्योल बनेको थियो । हाल उनी स्पेनका लागि राजदूत नियुक्त भई जिम्मेवारीसमेत सम्हाली सकेका छन् । नेपाल सरकारले परराष्ट्र मन्त्रालयका सहसचिव प्रकाशमणि पौडेललाई गत साउनमा पोर्चुगलका लागि नेपाली राजदूतमा नियुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको थियो भने राष्ट्रपति रामचन्द्र पौडेलले गत मंसिरमा उनलाई पोर्चुगलका लागि राजदूत नियुक्त गरेका थिए ।

पोर्चुगलमा नेपाली दूतावास स्थापनाका लागि गैरआवासीय नेपाली संघ पोर्चुगललगायत यहाँ रहेका नेपाली संघसंस्था, सामाजिक अभियन्तालगायत पोर्चुगलवासी नेपालीले लामो समयदेखि संघर्ष गर्नुका साथै विभिन्न दबाबमूलक कार्यक्रमसमेत हुँदै आएको थियो । *रासस*


**कुवेतमा रोजगार** कम्पनी : SUWAIKHAT CITY RESTAURANT COMPANY / ALI RASHID ALAZMI & HIS PARTNER

पूर्व स्वीकृति मिति : २०८१/११/०९ LT. No. 319256 चलानी नं. ६०२३३४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 7 | 0 | 120 | ५३,७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**MAURITIUS मा रोजगार** कम्पनी : FIREMOUNT TEXTILES LTD.

पूर्व स्वीकृति मिति : २०८१/०२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/११ LT. No. 305538 चलानी नं. ६०२२४१२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 29 | 20 | 16500 | ४९,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | २०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

**साउदीमा रोजगार** कम्पनी : ASHCROFT AL RUSHAID INSTRUMENT CO. LTD.

पूर्व स्वीकृति मिति : २०८१/११/०९ LT. No. 319258 चलानी नं. ६०२३३४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 4 | 0 | 1200 | ४४,२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

सोमबार, १२ फागुन, २०८१

| | |
|---|---|
| मेष | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| वृष | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| मिथुन | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| कर्कट | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| सिंह | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कन्या | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| तुला | सुखद् समाचारले उत्साह जगाउन छ । |
| वृश्चिक | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| धनु | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| मकर | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| कुम्भ | दिगो कामको जग बसाउन सकिने छ । |
| मीन | साथिभाइको आगमनले दिन मनोरज्जनपूर्ण हुने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ फागुन, २०८१ (२४ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.४५ | १३९.०५ |
| युरो | १ को | १४४.९५ | १४५.५८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.१५ | १७५.९१ |
| स्विस फ्रैन्क | १ को | १५४.०७ | १५४.७४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.४७ | ८८.८५ |
| क्यानाडियन डलर | १ को | ९७.५५ | ९७.९७ |
| सिङ्गापुर डलर | १ को | १०३.५९ | १०४.०४ |
| जापानी येन | १० को | ९.२१ | ९.२५ |
| चिनियाँ युआन | १ को | १९.०८ | १९.१६ |
| साउदी अरब रियाल | १ को | ३६.९२ | ३७.०८ |
| कतारी रियाल | १ को | ३७.९८ | ३८.१५ |
| थाई भाट | १ को | ४.१२ | ४.१४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६९ | ३७.८६ |
| मलेसियन रिङेट | १ को | ३१.३३ | ३१.४७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.४३ | १९.५२ |
| हङकङ डलर | १ को | १७.८२ | १७.८९ |
| कुवेती दिनार | १ को | ४४८.५५ | ४५०.५० |
| बहराइन दिनार | १ को | ३६७.३८ | ३६८.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# रिंकुकुमारीको बलात्कारमा संलग्नलाई कारबाही गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रियसभाका सांसद राधेश्याम पासवानले नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको सामूहिक बलात्कारमा संलग्न व्यक्तिलाई जतिसक्दो चाँडो पक्राउ गरी कारबाही गर्न माग गरेका छन् ।

राष्ट्रियसभाको आइतबारको बैठकको आकस्मिक समयमा सांसद पासवानले घटना भएको १५ दिन हुँदा पनि सरकारले दोषीमाथि कारबाही नगरेको भन्दै सरकारको ध्यानाकर्षण गराए । 'संसद्मा सांसदहरूले उठाएका मुद्दाको कार्यान्वयन किन हुँदैन, संसद्मा सांसदहरूले उठाएको विषयको कार्यान्वयन हुँदैन भने हामी संसद्मा बोल्नु के अर्थ छ, जनतालाई हामीले के जवाफ दिने हो,' उनले भने । सांसद पासवानले सदाको बलात्कार घटनाको सम्बन्धमा पटक-पटक संसद्मा कुरा उठाउँदासमेत सुनुवाइ नभएको उल्लेख गर्दै असन्तुष्टि जनाए ।

'बलात्कार भएको घटना भएको आज १५ दिन भएको छ, तर अहिलेसम्म सरकारले संसद्मा आएर जवाफ दिएको छैन, प्रहरीले घटनामा संलग्न व्यक्तिलाई अहिलेसम्म समाउन सकेको छैन, जतिसक्दो चाँडो दोषीमाथि कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउँछु,' सांसद पासवानले भने ।

## आठ जना नियन्त्रणमा

**सिरहा (प्रस)–** सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको सामूहिक बलात्कार र शंकास्पद मृत्यु घटना प्रकरणको अनुसन्धानका लागि प्रहरीले आठ जनालाई नियन्त्रणमा लिएको छ ।

पञ्चायत बसेर पीडित परिवारलाई घटना ढाकछोप गर्न र लेनदेनमा मुद्दा मिलाउन दबाब दिने तथा प्रत्यक्षदर्शी गरी आठ जनालाई नियन्त्रणमा लिइएको छानबिन समितिका संयोजक वरिष्ठ प्रहरी उपरीक्षक शान्तिराज कोइरालाले जानकारी दिए । नियन्त्रणमा रहेकाविरुद्ध जाहेरी नपरेको र घटना दबाउन पीडित परिवारलाई आर्थिक प्रलोभन दिएको पुष्टि भए सोहीअनुसार कारबाही हुने उनले बताए ।

गत माघ २७ मा शौच गर्न गएकी रिंकुलाई अपहरण गरी तीन युवाले बलात्कार गरी अचेत अवस्थामा घर पुर्‍याएको बताइएको छ । उनले आफूमाथि बलात्कार गरेको रिंकुले बताएकी थिइन् । घटना मिलाउन गाउँमै पञ्चायत भएको थियो । त्यसको भोलिपल्ट माघ ३० मा रिंकु घरमै झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् ।

सुरुमा इलाका प्रहरी कार्यालय लहानले आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धान अघि बढाएकामा सामूहिक बलात्कार भएको समाचार सार्वजनिक भएपछि मधेश प्रदेश प्रहरी कार्यालयले छानबिन समिति बनाएको छ । पीडित परिवारले बलात्कारका तीन आरोपी र पञ्चायतमार्फत दबाब दिने पाँच पञ्चसहित आठ जनामाथि गत बिहीबार कर्तव्य ज्यान, जबरजस्तीकरणी, शरीर बन्धक र लेनदेन मिलापत्र गरी चारवटा शीर्षकमा पुरक जाहेरी दिएका छन् । जाहेरीमा किटान गरिएका व्यक्ति भने कोही पनि पक्राउ परेका छैनन् ।रिंकुको शव परीक्षणका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पठाइए पनि हालसम्म रिपोर्ट नआएको वरिष्ठ प्रहरी उपरीक्षक कोइरालाले बताए ।

गत माघ ३० गते नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी १७ वर्षीया किशोरी रिंकुकुमारी सदाको सामूहिक बलात्कार भएको थियो । माघ २७ गते राति शौच गर्न घर बाहिर निस्केकी रिंकुकुमारीको स्थानीय तीन जना युवाबाट सामूहिक बलात्कार भएको थियो । उनी भोलिपल्ट बिहानमात्रै घर पुगेकी थिइन् । वडासदस्यसहितका स्थानीयको संलग्नतामा भोलिपल्ट र तेस्रो दिन पञ्चायती बसेर घटना गाउँमै मिलाउने प्रयास गरिएको थियो । सोही साँझ (माघ ३० गते) पीडित किशोरी आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् । बाहिरबाट ढोका बन्द गरिएको अवस्थामा भित्र झुण्डिएको भेटिएकाले उनको मृत्युलाई परिवारले शंकास्पद भनेको छ ।

# प्रधान न्यायाधीशको नाममा नक्कली ट्विटर आइडी !



**काठमाडौं (प्रस)–** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको नक्कली ट्विटर आइडी बनाएर गलत प्रचार गरेकाप्रति प्रधानन्यायाधीशको निजी सचिवालयले ध्यानाकर्षण भएको जनाएको छ । प्रधानन्यायाधीशको ट्विटर (एक्स) अकाउन्ट नै नभएको सचिवालयले प्रस्ट पारेको छ ।

प्रधानन्यायाधीशको निजी सचिवालयका उपरजिस्ट्रार नवीनकुमार यादवले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा एउटा मिडियाले 'प्रधानन्यायाधीश राउतको ट्विटर (एक्स) अकाउन्टबाट असान्दर्भिक पोस्ट, हचाक भएको आशंका' शीर्षकमा प्रकाशित समाचार र सो समाचारमा संलग्न ट्विटर अकाउन्ट एवं सोमा लेखिएको व्यहोराप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ ।

'सर्वोच्च अदालतको गरिमा र मर्यादा घटाउने तथा प्रधानन्यायाधीशको व्यक्तित्वमा क्षयीकरण गराई न्यायपालिकाप्रति भ्रम सिर्जना गर्ने दुष्प्रयास गरेकाले सो ट्विटमा उल्लेख भएको झूठो व्यहोराप्रति विश्वास नगर्न सबैमा अनुरोध गरिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'यस प्रकारको गलत एवं भ्रामक सामग्री तत्काल हटाउन तथा सो सामग्री ट्विटर गर्ने व्यक्तिलाई शीघ्र कानुनी दायरामा ल्याउन अनुसन्धान गर्ने निकायलाई आवश्यक निर्देशन दिई सकिएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ ।'


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०५/०५ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **१५४२३६** को **हंस डेण्टल हस्पिटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/०९ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएइमा रोजगार** — कम्पनी : Integrated Parking Services LLC

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319309 | चलानी नं. ६०२३३५००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Controller / Attendant Ticketing (Male Only) | 50 | 0 | 1000 | ३७,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**कतारमा रोजगार** — कम्पनी : RANMAL CONTRACTS GROUP

पूर्व स्वीकृति मिति : २०८१/०८/१० | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/११/११ | LT. No. 314284 | चलानी नं. ६०२२८६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT | 0 | 0 | 1100 | ४१,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ASSISTANT MASON | 0 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 3 | Brick Mason | 4 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 4 | Building Worker | 0 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 5 | Carpenter | 2 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 6 | Labour | 8 | 0 | 1000 | ३७,९६४ | | | | | | | |
| 7 | Mason (Nepal) | 3 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 8 | Pipe Fitter | 2 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 9 | Plaster Worker | 7 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 10 | Plumber | 2 | 0 | 1100 | ४१,७६० | | | | | | | |
| 11 | Tile Maker | 4 | 0 | 1100 | ४१,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**बहराइनमा रोजगार** — कम्पनी : SEOUL RESTAURANT W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/११ | LT. No. 310266 | चलानी नं. ६०२२४८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Aide | 2 | 0 | 130 | ४७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 5 | 130 | ४७,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म कम्पनीले इन्डिया तथा चाइनाबाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| S. N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | Konka | KRF170W/B | India | PCS | NPR | 170 ltrs | 22,000 | |
| 2 | Refrigerator | Konka | KRF185W | India | PCS | NPR | 185 ltrs | 25,000 | |
| 3 | Aircooler | Konka | KTC 55 | India | PCS | NPR | 55 ltrs | 14,500 | |
| 4 | Aircooler | Konka | KTC 45 | India | PCS | NPR | 45 ltrs | 13,500 | |
| 5 | Airconditioner | Konka | KAC12GHA-NAR | China | PCS | NPR | 1 Ton | 46,000 | |
| 6 | Airconditioner | Konka | KAC12GHA-INV | China | PCS | NPR | 1 Ton | 57,000 | |
| 7 | Airconditioner | Konka | KAC18GHA-NAR | China | PCS | NPR | 1.5 Ton | 67,500 | |
| 8 | Airconditioner | Konka | KAC24GHA-NAR | China | PCS | NPR | 2 Ton | 85,000 | |

बिक्रेताको फर्मको नाम: Saurabh Photo International | स्थायी लेखा नं: 300050271
ठेगाना: Neupane Tower, Tinkune, Subidhanagar | फोन नं: 01-4111630


## प्रहरी प्रधानकार्यालयमा 'दलित डेस्क' स्थापना गर्न पत्राचार

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले दलितमाथि हुने भेदभाव, उत्पीडन, छुवाछुतलगायतका घटनाको अनुसन्धानमा सहयोग तथा सहजीकरण गर्न प्रहरी प्रधान कार्यालयमा 'दलित डेस्क' स्थापना गरी सम्पर्क व्यक्ति तोक्न पत्राचार गरेको छ ।

गृहका प्रवक्ता रामचन्द्र तिवारीले प्रहरी प्रधान कार्यालयमा दलित डेस्क स्थापना गरी काम कारबाही अघि बढाउन पत्राचार गरिएको जानकारी दिए । उनले यसअघि ७७ जिल्लामा स्थापना भएका दलित डेस्कलाई प्रभावकारीरूपमा सञ्चालन र व्यवस्थापन गर्न निर्देशन दिइएको बताए ।

'दलित समुदायका व्यक्तिहरूको समेत सहभागितामा दलित डेस्क स्थापना गरी सामाजिक कुरीतिका रूपमा समाजमा विद्यमान छुवाछुत तथा भेदभाव हटाइ कानुन कार्यान्वयन तथा सुशासन अभिवृद्धिमा योगदान पुर्‍याउन परिपत्र गरिएको हो,' प्रवक्ता तिवारीले भने, 'डेस्कमा रहने प्रहरी कर्मचारीलाई समन्वयात्मक र प्रभावकारी रूपमा डेस्क सञ्चालन एवं व्यवस्थापन गर्न भनेका छौं ।'


**कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८१/११/१२ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ फागुन २७ गते मंगलबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**उर्लाबारी शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| **सन्ध्या वस्नेत**<br>ना.प्र.नं.- ११८०१९८९,<br>जारी मिति - २०६१/०९/२०, जि.प्र.का. झापा<br>बाबु - श्रीराजु बस्नेत<br>बाजे - गोपालसिङ बस्नेत<br>पति सुमन शाक्य<br>स्थायी ठेगाना- झापा जिल्ला, भद्रपुर गा.वि.स., वडा नं. ०८<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लावारी नगरपालिका, वडा नं. ०७ | १. **सन्ध्या वस्नेत**को नाममा मालपोत कार्यालय, मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ४७२८ को क्षे.फ. १६०.८३ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापात समेत । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **सुमन शाक्य**<br>ना.प्र.नं.- ०६/१४८१७/०५७/५८<br>जारी मिति - २०५७/०८/२९, जि.प्र.का. सुनसरी<br>बाबु - राजकुमार शाक्य<br>बाजे - बिष्णु बहादुर शाक्य<br>स्थायी ठेगाना- सुनसरी जिल्ला, धरान न.पा, वडा नं. १२<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं. ०७ | २. **शुशिला कुमारी श्रेष्ठ**<br>ना.प्र.नं.- ०३१३६<br>जारी मिति - २०३२/०६/१३, जि.प्र.का. ईलाम<br>बाबु - कदारनाथ श्रेष्ठ<br>बाजे - बद्रिनाथ श्रेष्ठ<br>स्थायी ठेगाना- भोजपुर जिल्ला, टक्सार गा.वि.स, वडा नं. ५<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, उर्लाबारी न.पा, वडा नं. ०७ |

**बयलबास सर्लाही शाखा**

**१. ऋणीहरूको विवरण**

| | |
|---|---|
| क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/१८ मा दर्ता नं.२४६५०८/०७७/०७८ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ०६ बिनटोल स्थित रजिष्टर्ड कार्यालय रहेको **रमेश एग्रो फार्म प्रा.ली. ।**<br>**संञ्चालक - रमेश मुखिया** | ख. **रमेश मुखिया**<br>ना.प्र.नं.- १९-०१-७४-११३१८<br>जारी मिति - २०७४/११/२१ जि.प्र.का. सर्लाही<br>बाबु - सुब नारायण मुखिया<br>बाजे - नथुनी मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं.०६<br>हालको ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं.०६ |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **रमेश मुखिया**<br>ना.प्र.नं.- १९-०१-७४-११३१८<br>जारी मिति - २०७४/११/२१ जि.प्र.का. सर्लाही<br>बाबु - सुब नारायण मुखिया<br>बाजे - नथुनी मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ०६<br>हालको ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ०६<br>२. **दुखिया**<br>ना.प्र.नं.- २७०४२६४३<br>जारी मिति - २०४५/०१/२० जि.प्र.का. सर्लाही<br>बाबु - सोनफी मुखिया<br>ससुरा - नथुनी मुखिया<br>पति - शुब नारायण मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, धनगढा गा.बि.स वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ०६<br>३. **सुब नारायण मुखिया**<br>ना.प्र.नं.- २६०४२१८२<br>जारी मिति - २०४५/०१/१७ जि.प्र.का. सर्लाही<br>बाबु - नथुनी मुखिया<br>बाजे - निरसु मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, धनगढा गा.बि.स वडा नं.०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं.०६ | ४. **सुरेन्द्र मुखिया**<br>ना.प्र.नं.- १९३०४२/१५०७<br>जारी मिति - २०६३/१२/१४ जि.प्र.का. सर्लाही<br>बाबु - सुब नारायण मुखिया<br>बाजे - नथुनी मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.बि.स. वडा नं.०२<br>हालको ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं.०६<br>५. **रामबाबु मुखिया**<br>ना.प्र.नं.- १९३०४२/१३९४<br>जारी मिति - २०६३/१२/१३ जि.प्र.का. सर्लाही<br>बाबु - सुब नारायण मुखिया<br>बाजे - नथुनी मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.बि.स. वडा नं.०२<br>हालको ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं.०६<br>६. **राम बिनय मुखिया**<br>ना.प्र.नं.- १९-०१-७४-११३१७<br>जारी मिति - २०७४/११/२१ जि.प्र.का. सर्लाही<br>बाबु - सुब नारायण मुखिया<br>बाजे - नथुनी मुखिया<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा वडा नं. ०६<br>हालको ठेगाना- ऐ.ऐ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **रमेश मुखिया**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बल्वा सोकनाहा गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ३०० को क्षे.फ. ०-२-०-० (बि-क-धु-क.) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
२. **दुखिया**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. ८ को कित्ता नं. ११७ क्षे.फ. ०-३-७-० बि-क-धु-क.)को जग्गा/घर, ऐ.ऐ. वडा नं. २ को कित्ता नं. ४६४ को क्षे.फ. ०-५-०-० (बि-क-धु-क.)को जग्गा/घर, ऐ.ऐ वडा नं. ३ को कित्ता नं. १४३, १४५, १७०, १७१ र २६ क्षे.फ क्रमश: १-१५-०-०, ०-१०-०-०, ०-८-१५-०, ०-३-३-० र ०-८-५-० तथा ऐ.ऐ. वडा नं. ६ को कित्ता नं. १९३ क्षे.फ. ०-२-१५.५-० (बि-क-धु-क.)को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
३. **सुब नारायण मुखिया**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, धनगढा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १०३० को क्षे.फ. ०-२-१४-० (बि-क-धु-क.)को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
४. ऋणी **रमेश एग्रो फार्म प्रा.ली.** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ फागुन २६ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८१ फागुन २७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ फागुन २७ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मुक्कुम्लुङमा संयमता अपनाऊ

यतिबेला पूर्वको ताप्लेजुङस्थित मुक्कुम्लुङ (पाथीभरा) क्षेत्र बहसको विषय बनेको छ । कारण व्यवसायी चन्द्र ढकालले उक्त क्षेत्रमा केबलकार निर्माण थालेसँगै यो क्षेत्र अहिले रणमैदान बनेकोले हो । हिजोआज 'नो केबलकार' पक्ष एकातिर छ भने र स्थानीयदेखि संघीय सरकार अर्कोतिर । सरकार जसरी पनि निर्माणको काम अघि बढाउन भन्दै आन्दोलन पक्षधरलाई उक्साउने काममा लागेको देखिन्छ ।

राजनीतिमा खासै काम नभएपछि एउटा मोर्चा गठन गरेर फुर्सदमा बसेका राजेन्द्र महतो मुक्कुम्लुङ उक्लेसँगै यो क्षेत्र फेरि तातिएको हो । मुक्कुम्लुङमा स्थानीयको चाहनाविपरीत सरकारले कुनै पनि विकास अघि बढाउनु हुन्न । स्थानीयको सहभागितामा स्वतस्फुर्त आन्दोलनहरू जारी नै छ । यद्यपि राजनीतिमा आफू 'नोटिस'मा आउन महतो शैलीका नेताहरूले यस्तो चौतारी प्रयोग गर्छन् नै । अहिले यो विषयले प्रतिनिधिसभामासमेत प्रवेश पाएको छ । प्रतिपक्षी दलहरूले तत्काल यहाँ निर्माणका कार्य रोक्न माग गरेका छन् । मुक्कुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकार परियोजना पूर्णता व्यावसायिक उद्देश्यसहित छ ।

धार्मिक तथा पर्यटकीय क्षेत्र हो, मुक्कुम्लुङ । बहुसंख्यक मानिस धार्मिक आस्थामात्र नभएर विभिन्न कारण धार्मिक स्थल पुग्छन् । धार्मिक स्थल वातावरणीय रूपमा स्वच्छ भएकाले पनि धेरैले मनपराउँछन् । यस्ता क्षेत्रमा व्यापारिक परियोजना अघि बढ्दा सबैभन्दा क्षति पुग्ने भनेको वातावरणमा नै हो । त्यसैले मुक्कुम्लुङमा केबलकार बन्दै गर्दा उठान हुनैपर्ने विषय वन मासिने, स्थानीयको रोजगारी गुम्ने, पर्यवरणीय असर पर्ने, स्थानीय क्षेत्रले पर्यटक गुमाउने र स्थानीयको आर्थिक उपार्जनका स्रोत गुम्ने हुन् । तर मुद्दा चाँडो सल्टाउन परियोजना योजनाकारहरूले धर्म र जातिको विषय घुसाएका छन् । जति विषयान्तर गऱ्यो मुद्दा त्यति कमजोर हुने भन्दै यसलाई जातीयतासँग जोडिदिएको छ ।

यसैकारण मुद्दा कमजोर बनाउँदै स्थानीय प्रशासनदेखि संघीय सरकार यसलाई चाँडोभन्दा चाँडो आन्दोलन तुहाउने प्रयासमा लागेको देखिन्छ । तर मुद्दालाई यसरी विषयान्तर गर्दै जाँदा घाउ झनै बढ्ने देखिन्छ । यसैले सरकारले यो विषयमा संयमता अपनाउनुपर्छ । एकजना व्यापारी पोस्नका लागि जनताको रोजीरोटी खोस्ने काममा सरकार लाग्नुहुन्न ।

यो विषयमा सरकारले चाँडोभन्दा चाँडो अध्ययन समिति गठन गरेर हुन्छ वा आन्दोलनरत पक्षसँग वार्तामा बसेर समाधानका उपाय निकाल्नुपर्छ । स्पेस खोजिरहेका राजनीतिक दलका नेताहरूलाई ठाउँ दिन सधैं द्वन्द्व निम्त्याउने र व्यापारी पोस्ने खेलमा राज्य लाग्न हुँदैन ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।
- रोजगारदातासँग भएको करार तथा सम्बन्धित मुलुकको कानुनको पालना गर्नु कामदारको कर्तव्य हुने छ ।
- वैदेशिक रोजगारमा ठगी गर्नेलाई सात वर्षसम्म कैद र पाँच लाख रूपैयाँसम्म जरिवानासहितको दण्ड सजाय हुने छ । पीडितले बुझाएको पैसामा थप ५० प्रतिशत हर्जनासहितको रकम पीडकबाट फिर्ता पाइन्छ ।

# हङकङ फ्लुको प्रकोप र यसबाट बच्ने उपाय



डा. शेरबहादुर पुन

केही दिनअघि एक परिचित व्यक्तिलाई एक महिनादेखि खोकीले नछोडेको भनी परामर्श लिने उद्देश्यले भेट्न आउनुभएको थियो । हातमा केही हप्ता अगाडि गरिएको स्वास्थ्य परीक्षणका केही रिपोर्टहरू पनि थिए, जसमा फ्लु परीक्षणको रिपोर्ट पनि थियो । त्यसमा हङकङ फ्लुको नामले परिचित इन्फ्लुइञ्जा (छोटकरीमा फ्लु भन्ने गरिन्छ) 'ए' को 'एच थ्री' प्रजाति पुष्टि थियो । सो बिरामीलाई केही दिनसम्म ज्वरो आउने, टाउको दुख्ने, घाँटी दुख्ने, जिउ दुख्ने, नाकबाट पानी बग्ने अनि खोकी लाग्नेजस्ता समस्याहरू देखिएको भनेका थिए । तर माथि उल्लेख गरेझैं खोकी भने मसँग संवाद हुँदासमेत प्रस्टै देखिन्थ्यो । यति लामो समयदेखि निरन्तर देखिएको यो अवस्थाको खोकीलाई 'पोस्ट भाइरल कफ' भन्ने गरिन्छ । र, यस्तो अवस्था हाल समुदायमा धेरैमा भएको देखिन्छ । सामान्यतया तीनदेखि आठ हप्तासम्मको निरन्तर खोकीलाई 'पोस्ट भाइरल कफ' वा 'पोस्ट इन्फेकसियोस कफ' भन्ने गरिन्छ ।

सामान्तया नेपालमा फ्लु भाइरस वर्षमा दुई पटक बढी सक्रिय हुने गर्दछ । पहिलो लहर जनवरी-मार्च महिनामा देखिने गर्दछ भने अर्को जुलाई-सेप्टेम्बर महिनामा देखिने गर्दछ । यसैले यो भाइरसलाई 'मौसमी फ्लु' पनि भन्ने गरिन्छ । फ्लु भाइरस 'ए', 'बी', 'सी' र 'डी' गरी चार प्रकारका हुन्छन् । यसमा 'ए' र 'बी' भाइरसले विशेषतः स्वास्थमा समस्या निम्त्याउने गर्दछ । फ्लु 'ए' भाइरस विभिन्न समयमा पेनडेमिकको रूप दोहोरिने गरेको विगतका अनुभवहरू छन् ।

कोभिड-१९ भन्दा अगाडि सन् २००९ मा फ्लु 'ए' अन्तर्गत 'एचवान एनवान' प्रजातिको भाइरसलाई विश्व स्वास्थ संगठनले पेनडेमिक घोषणा गरेको थियो । यो भाइरसलाई शुरुमा 'स्वाइन फ्लु' भन्ने गरिएको भएता पनि पछि 'एचवान एनवान पिडिएम ०९' नामकरण गरिएको थियो । हाल यो प्रजातिको भाइरसलाई 'मौसमी फ्लु' भन्ने गरिन्छ । हरेक वर्ष फ्लुको सिजनमा यो प्रजातिको भाइरस नेपालमा देखिँदै आइरहेको छ । त्यस्तै सन् १९१८ मा पनि फ्लु 'ए'अन्तर्गत 'एचवानएनवान' प्रजातिको भाइरसले महामारीको रूप लिएको थियो । भनिन्छ, यो भाइरसलाई आधुनिक इतिहासको उच्चतम् घातक संक्रामक रोगको रूपमा पनि लिने गरिन्छ । सो समयमा यो प्रजातिको भाइरसले विश्वको झण्डै एकतिहाइ जनसंख्यालाई संक्रमित गरेको अनुमान गरिन्छ । अनि झन्डै ५०० लाख मानिसको मृत्यु यही भाइरसका कारणले भएको पनि अनुमानित तथ्यांक छ ।

फ्लु 'ए' भाइरसअन्तर्गत 'एचफाइब एनवान' प्रजातिको भाइरस अर्थात् 'बर्ड फ्लु' पनि पर्दछ । यो प्रजातिलाई पनि उच्च घातक संक्रमणको रूपमा लिने गरिन्छ । यसको मृत्युदर ५० प्रतिशतभन्दा बढी देखिने गरेको छ । यो रोग संक्रमित पन्छीबाट मानिसमा सर्ने गर्दछ । यद्यपि हालसम्म यो

> खोक्दा, हाच्छिउँ गर्दा वा संक्रमितले खोख्दा न्यालको छिटा सतहमा रहेको र सो ठाउँलाई हातले छोई नाक मुख आँखामा छोए संक्रमण सर्ने गर्दछ । तसर्थ, संक्रमित व्यक्तिले खोक्दा हातको बाहुलीले छोपेर मात्र खोक्नु पर्दछ । फ्लु पुष्टि भई लक्षणहरु देखिए "ओसेल्टेमिभिर" नामक एन्टिभाइरल औषधि दिन सकिन्छ । यो औषधि नेपाल सरकारले विशेषतः जोखिम समूहकालाई भाइरस पुष्टि भएमा निःशुल्क उपलब्ध गराउँदै आइरहेको छ । भाइरसको परीक्षण राष्ट्रिय जनस्वास्थ प्रयोगशाला (केन्द्रीय प्रयोगशाला) मा हुने गर्दछ । यद्यपि, कोभिड-१९ को लहरपछि भने निजी अस्पताल वा प्रयोगशालाहरुले पनि परीक्षण गर्ने गरेको पाइन्छ । भाइरसको जटिलताबाट बच्ने उत्तम उपाय भनेको खोप नै हो ।

भाइरस मानिसबाट मानिसमा भने सहजै सरेको देखिँदैन । चाखलाग्दो कुरा के छ भने, बर्ड फ्लु पन्छीबाट मात्र मानिसमा सर्ने देखिएकामा केही महिना अगाडि अमेरिकामा गाईवस्तु वा सोको दूधबाट पनि यो भाइरस मानिसमा सरेको पुष्टि भएको थियो । उच्च घातक मानिने 'एचफाइब एनवान' बर्ड फ्लुको जोखिमको स्रोत थपिँदा मानिसका लागि यो नयाँ चुनौतीका रूपमा खडा भएको देखिन्छ ।

नेपालमा सन् २०१९ मा पहिलोपटक मानिसमा 'एचफाइब एनवान' बर्ड फ्लु देखिएको थियो । तर दुर्भाग्यबस सो संक्रमित युवाको भने सोही भाइरसको जटिलताबाट मृत्यु हुन गएको थियो । यस अर्थमा नेपालमा देखिएको बर्ड फ्लुको मृत्युदर सतप्रतिशत मान्न सकिन्छ । नेपालमा सन् २००९ पछि बर्सेनि कुखुरा-हाँसजस्ता पन्छीमा 'एचफाइब एनवान' बर्ड फ्लु देखिँदै आइरहेको छ । तर, नेपालको कृषि क्षेत्रमा अझै पनि जैविक सुरक्षाप्रति पर्याप्त ध्यान दिने गरेको भने पाइँदैन । यसका कारणले नेपालमा 'एचफाइब एनवान' बर्ड फ्लुको जोखिम मानिसमा उच्च रहेको मान्न सकिन्छ ।

### के हो त "हङकङ फ्लु" ?

फ्लु 'ए' भाइरसअन्तर्गत 'एचथ्री एनटु' अर्को मुख्य प्रजाति हो । नेपालमा यो भाइरस 'एचवान एनवान पिडिएम ०९' प्रजातिको भाइरससँगै बर्सेनि देखिने गर्दछ । यसलाई 'हङकङ फ्लु' को नामले पनि चिनिने गर्दछ । सन् १९६८ मा पहिलोपटक हङकङमा प्रकोपको रूपमा देखिएको यो भाइरसले १० देखि ४० लाख मानिसको ज्यान लिएको अनुमान गरिन्छ । तर हाल यो भाइरस पनि 'मौसमी फ्लु' का रूपमा परिणत भइसकेको छ । दुई महिना अगाडिसम्म पनि व्यापक रहेको 'एचवान एनवान पिडिएम ०९' प्रजातिको भाइरसलाई नयाँ साल सन् २०२५ लागेसँगै 'हङकङ फ्लु' ले तीव्र गतिमा प्रतिस्थापन गरिदिएको छ ।

'हङकङ फ्लु' फैलन सुरु भएसँगै धेरै मानिसहरू बिरामी भई घरमा नै आराम गर्नुपर्ने अवस्था/बाध्यता सिर्जना गरिदिएको छ । माथि उल्लेख गरेझैं धेरैलाई लामो समयसम्म खोकीले समेत नछोडेको अर्थात् 'पोस्ट भाइरल कफ' को समस्यासमेत देखिने गरेको छ । 'पोस्ट भाइरल कफ' को कारणमा 'हङकङ फ्लु'सँगै वायु प्रदूषणको समस्यालाई पनि नजरअन्दाज गर्न भने सकिँदैन । हाल वायु प्रदूषणले नेपाल आक्रान्त भइरहेको छ ।

### लक्षणहरू के-के हुन् त ?

यसमा समान्यतया संक्रमण भएको दुई दिनमा फ्लुका लक्षणहरू देखिन सुरु हुन्छ । अचानक ज्वरो आउनु, खोकी लाग्नु, टाउको दुख्नु, मांशपेशीका तथा जोर्नी दुख्नु, घाटी दुख्नु, नाकबाट पानी बग्नु, बालबालिकामा विशेषतः बान्ता हुनुजस्ता फ्लु भाइरसका प्रारम्भिक तथा मुख्य लक्षणहरू हुन् । अरु लक्षणहरू केही दिनमा (एक हप्तामा) कम हुँदै जाने भएता पनि खोकी भने दुई हप्ता वा सोभन्दा बढीसम्म रहन सक्दछ । कतिपयमा भने निमोनिया वा सेप्सिसजस्तो जटिलताहरू पनि देखिने गर्दछ । ज्येष्ठ नागरिक, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका, बालबालिका, दीर्घरोगी आदि फ्लु जटिलताको जोखिम पर्ने समूहहरू हुन् ।

### उपचार के छ त ?

खोक्दा, हाच्छिउँ गर्दा वा संक्रमितले खोख्दा न्यालको छिटा सतहमा रहेको र सो ठाउँलाई हातले छोई नाक मुख आँखामा छोए संक्रमण सर्ने गर्दछ । तसर्थ, संक्रमित व्यक्तिले खोक्दा हातको बाहुलीले छोपेर मात्र खोक्नु पर्दछ । फ्लु पुष्टि भई लक्षणहरू देखिए 'ओसेल्टेमिभिर' नामक एन्टिभाइरल औषधि दिन सकिन्छ । यो औषधि नेपाल सरकारले विशेषतः जोखिम समूहकालाई भाइरस पुष्टि भएमा निःशुल्क उपलब्ध गराउँदै आइरहेको छ । भाइरसको परीक्षण राष्ट्रिय जनस्वास्थ प्रयोगशाला (केन्द्रीय प्रयोगशाला) मा हुने गर्दछ । यद्यपि, कोभिड-१९ को लहरपछि भने निजी अस्पताल वा प्रयोगशालाहरूले पनि परीक्षण गर्ने गरेको पाइन्छ । भाइरसको जटिलताबाट बच्ने उत्तम उपाय भनेको खोप नै हो । यो खोप शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताललगायत विभिन्न निजी अस्पतालहरूमा लगाउने गर्दछ ।

अन्त्यमा, मध्य डिसेम्बरसम्म चार प्रतिशतको हाराहारीमा देखिएको फ्लु भाइरस सन् २०२५ लागेसँगै ह्वात्तै बढेर झण्डै ३१ प्रतिशतको हाराहारीसम्म पुगेको छ । 'स्वाइन फ्लु' अर्थात् 'एचवान एनवान पिडिएम ०९' लाई प्रतिस्थापन गर्दै 'एचथ्री एनटु' अथवा 'हङकङ फ्लु' हाल तीव्र गतिमा फैलिरहेको तथ्यांकले देखाउँछ । तीव्रता पाएको मात्र होइन, धेरै मानिसमा लक्षणले कडा रूप लिएकोसमेत देखिन्छ । अनि कतिपयमा खोकीले हप्तौंसम्म दुःख दिएको वा लम्बिएको पनि देखिन्छ । फ्लु बर्सेनि देखिने भाइरस हो र धेरैले केही दिनको आराम पनि स्वास्थ लाभसमेत गर्दछन् तर जोखिम समूहका व्यक्तिहरूले भने जटिलताको सामना गर्नुपर्ने जोखिम भएकाले संक्रमित भएको अवस्थामा चिकित्सकको परामर्श लिनु उत्तम हुने छ । फ्लुविरुद्धको खोप पनि सहज उपलब्ध भएकाले फ्लुको जटिलताबाट बच्न जोखिम समूहकाहरूले खोप लिनु सबैभन्दा राम्रो उपाय हुने छ । *रासस*

*(लेखक शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन्)*

# आत्मकेन्द्रित राजनीतिले संघीयतामा चुनौती थपिँदै छ



सोनामगेल्जेन शेर्पा

संघीयताको अवधारणाअनुसार सबैजसो अधिकार राज्यसंयन्त्रको तल्लो तहमा प्रत्यायोजन गर्ने हो । तर जुन किसिमले आत्मकेन्द्रित राजनीति छ त्यसले संघीय व्यवस्थामा चुनौती थपेको अनुभव हुँदै छ । प्रदेशले संघले आफूलाई अधिकार नदिएको गुनासो गरिरहँदा प्रदेशसँग स्थानीय तहले उस्तै गुनासो गरिरहेको अवस्था छ । स्थानीय तहहरूलाई प्रदेश सरकारले अधिकार दिन नचाहेको देखिन्छ । स्थानीय तहमा पनि गाउँपालिका अध्यक्षले वडालाई अधिकार दिनै नचाहने, वडाध्यक्षले सदस्यलाई अधिकार दिन नचाहने प्रवृत्ति देखिन्छ ।

संघीयता सबलीकरणको विषयमा राष्ट्रियसभा धेरै गम्भीर छ । केही सांसदले पार्टीको सिद्धान्तअनुसार आवाज उठाउनुहुन्छ । अर्कातर्फ, संविधान जहिल्यै त्यही हुनुपर्छ भन्ने छैन । समयअनुसार परिवर्तन/संशोधन गर्दै लग्नुपर्छ । त्यसमा कुन-कुन कुरा परिवर्तन गर्ने भन्नेमा बहस गर्न सकिन्छ । संविधान परिवर्तन भनेपछि सबै कुरामा बहस चल्छ, हुनुपर्छ । संविधान नै परिवर्तन भए पनि संघीय व्यवस्था र समानुपातिक निर्वाचन पद्धति परिवर्तन हुनुहुँदैन । निर्वाचन प्रणालीमा सुधार गरी विकृति के-के छन् त्यसलाई सुधार गर्नुपर्ने खाँचो छ ।

### विधायिकाको रूपमा आफ्नो भूमिकामा सन्तुष्ट छु

राष्ट्रियसभा सदस्यको रूपमा मेरो दुई वर्षको कार्यकाल बित्यो । मैले विधायिकी भूमिका राम्रोसँग निर्वाह गरिरहेको अनुभव गरेको छु । देशको स्रोतसाधन र परिस्थितिअनुसार हामीले धेरै कुरा गर्न सफल भएका छौं । विशेषतः मेरो पर्यटन क्षेत्रमा सहभागिता भएका कारण मैले पर्यटन क्षेत्र र हिमालका मुद्दाहरूमा बढी सरोकार राख्ने गर्दछु र सदनमा पनि यी विषय मेरा प्राथमिकतामा पर्दछन् । पर्यटन क्षेत्रमा नीतिगत परिवर्तनका लागि सरकारलाई घच्घच्याउने अवसर पाएको छु । हिमाल र पहाडको पर्यटकीय क्षेत्र, हिमाल, निकुञ्ज, मध्यवर्ती क्षेत्रको मूल्यमान्यतालाई कसरी सम्बर्द्धन गर्न सकिन्छ भन्ने विषयमा ध्यानाकर्षण गराउन सफल भएको छु ।

राष्ट्रियसभामा क्रियाशील संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सभापतिको हैसियतमा नतिजामुखी काम गर्न प्रयासरत छु । पशुपति क्षेत्र विकास कोष, लुम्बिनी क्षेत्र विकास कोषबारे नियमित छलफल भइरहेका छन् । बौद्धनाथ क्षेत्र विकास समितिका बारेमा पनि छलफल चलायौं । जग्गाजमिनलगायतको सम्पत्ति कति छ भनेर त्यहाँको तथ्यांक संकलनको काम गरेका छौं । पुजारी व्यवस्थापनको समस्या पनि जटिल रहेछ, त्यसका लागि कार्यविधि बनाएर पुजारीको व्यवस्थापन गर्न लगाएका छौं । समितिका तर्फबाट स्थलगत निरीक्षणहरू गरिरहेका छौं । जमिनी वस्तुस्थिति र हामीले बनाउने नीतिमा धेरै भिन्नता पायौं । हामीले तल्लोस्तरमा नै गएर वस्तुस्थिति बुझेर निर्देशन दिने अभ्यास चलाएका छौं । हाम्रो समितिले राष्ट्रिय गौरवका आयोजनाहरूको अध्ययन गर्दै छ । पछिल्ला अध्ययनहरूले यी आयोजनाको सञ्चालन र निर्माणका लागि स्पष्ट मापदण्ड हुनुपर्ने देखाएको छ ।

कस्ता-कस्ता आयोजनालाई राष्ट्रिय गौरवका आयोजना भन्ने र त्यसको स्रोत सुनिश्चित गर्न के गर्नुपर्छ भन्ने सुझाव संग्रह गरेका छौं । राष्ट्रिय गौरवका आयोजनाका लागि छुट्टै कानुन आवश्यक देखेका छौं । यी आयोजनाका लागि सम्बन्धित मन्त्रालय र स्थानीयसँग समन्वय गर्न सहजीकरण गर्नेबारे सरकारलाई निर्देशन दिएका छौं । आयोजनाको सम्भाव्यताको अध्ययन र दिगोपनाबारे राम्रोसँग अध्ययन गरेरमात्र काम सुरु गर्नुपर्छ भन्ने समितिको ठम्याइ छ ।

संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले सरकारलाई दिएका निर्देशनहरू ८० प्रतिशत कार्यान्वयन भएका छन् । यस समितिका निर्देशनलाई सरकारले गम्भीररूपमा लिएर कार्यान्वयन गरेको छ । संसदीय समितिले दिएका निर्देशन कार्यान्वयन नहुने समस्या सुनिरहेकै विषय हो । समितिले निर्देशन गर्दै गर्दा सरकारले कतिचाहिँ गर्न सक्छ सक्दैन भन्नेमा सचेत हुनुपर्छ । राष्ट्रियसभाको दुई वर्षको कार्यकाल लामो पक्कै होइन । हामीले चाहेरमात्र हुन्न, राज्यसँग स्रोतसाधन पनि चाहिन्छ । कतिपय आयोजना आजभोलि नै बनाउँ भन्दा सम्भव देखिन्न । त्यसैले समितिले निर्देशन दिँदा सरकारको क्षमतालाई पनि हेर्नुपर्ने खाँचो रहेछ ।

### जनप्रतिनिधि बोल्दा सचेत हुनुपर्छ

राजनीतिमा नकारात्मक सोचको विकृति हामीबाटै आएको हो । हामी नै सार्वजनिक मञ्चदेखि सदनमा केही भएन भनेर हरेक दिन नकारात्मक सोच प्रचारप्रसार गरिरहेका छौं । हामी पार्टीको धारणा बोल्छौं । त्यसको असर सबैलाई परिरहेको छ । राजनीतिक नेतृत्वले सार्वजनिक स्थानमा दिएको नकारात्मक अभिव्यक्ति सामाजिक सञ्जालमार्फत सबैसामु पुगिरहेको हुन्छ । आमनागरिकले सोही आधारमा धारणा बनाइरहेका छन् ।

नेता, सांसदलगायत हामी सबैले जुन किसिमको प्रस्तुति दिइरहेका छौं, त्यसमा सचेत हुनुपर्छ । आफू सत्तामा बस्दा सबै ठीक र सत्ता बाहिर हुँदा सबै बेठीक भन्न थाल्यौं भने त्यसले राजनीतिमा विकृति मात्र ल्याउँछ । त्यसले नागरिकहरूमा नैराश्यता बढाउँछ ।

सुशासनका लागि हरेक व्यक्ति अनुशासित हुन जरुरी छ । जवाफदेहीता आवश्यक छ । भ्रष्टाचार पूर्ण नियन्त्रण हुनुपर्छ । भ्रष्टाचार न्यूनीकरणका लागि सेवाप्रवाह प्रविधिमुखी बनाउनुपर्छ । सरकारी निकाय र प्रणालीमा नागरिकको विश्वास जित्न सकिरहेका छैनौं । कतिपय अवस्थामा हामी काम गर्न अघि प्रश्नचिह्न खडा गर्छौं । नागरिकले पनि सरकारी निकायमा विश्वास गर्नुपर्छ । सकारात्मक सोच सत्तामा बस्ने, प्रतिपक्ष र आमनागरिक सबैमा हुनुपर्छ । सरकारलाई दोष दिने तर आफूले पाए १० रूपैयाँ ठगिहाल्ने गर्नु भएन । सुरुमा आफू अनुशासित हुनुपर्छ । आफू अनुशासित नहुने अरुलाई अर्ती उपदेश दिने परिपाटी छाड्नुपर्छ ।

*(राष्ट्रियसभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापतिसमेत रहेका सांसद शेर्पासँग राससका समाचारदाता सृजना राईले गरेको कुराकानीमा आधारित)*

# आगलागीका घटना न्यूनीकरण गर्न सचेतना

**कञ्चनपुर–** आगलागीका घटना न्यूनीकरण गर्न शुक्लाफाँटा नगरपालिकाले शनिबार नमूना कृत्रिम अभ्यास गरेको छ। सशस्त्र प्रहरी बल नेपाल ३५ नम्बर गण गर्जमुनीको सहकार्यमा आयोजना गरिएको नमूना कृत्रिम अभ्यासमा खाना पकाउने ग्यासबाट हुने आगलागी, वन डढेलो र घरमा आगलागी भए कुन तरिकाबाट नियन्त्रण गर्ने भन्नेबारे समुदायको सहभागितामा नमूना अभ्यास गरिएको हो ।

'गर्मी बढदै जान थालेपछि आगलागीका घटनामा निकै वृद्धि भइरहेको छ,' नगरपालिकाको विपद् शाखाका प्रमुख कृष्णप्रसाद भट्टले भने, 'आगलागीका घटना भएमा कुन तरिकाबाट नियन्त्रण गर्ने, कुन निकायमा खबर गर्ने भन्नेबारे कृत्रिम नमूना अभ्यास गरेर देखाइएको छ ।' अगालगीबाट हुने मानवीय, पशु चौपाया, धनसम्पत्ति, महत्त्वपूर्ण कागजपत्र, काठपात, अन्न, लुगाफाटोलगायतका क्षति न्यूनीकरण गर्न यस कार्यले सघाउ पुऱ्याउने उनले बताए ।

कार्यक्रममा आगलागी हुँदा प्रहरीलाई खबर गर्ने, दमकलका लागि नगरपालिकाको विपद् शाखामा खबर गर्ने, घटनास्थलमा पुगेर सुरक्षा निकाय, स्थानीय समुदायले मिलेर आगलागी नियन्त्रण गर्ने, घाइते भए घटनास्थलमै प्राथमिक उपचार गरी एम्बुलेन्समार्फत अस्पताल पुऱ्याउने, प्रहरीले क्षतिको मुचुल्का तयार गर्नेलगायत कार्य नमूना अभ्यास गरेर देखाइएको थियो ।

खाना पकाउने ग्यास चुहावट भएर आगलागी भए ग्यास सिलिण्डर बन्द कसरी गर्ने भन्नेबारे समुदायलाई नमूना अभ्यास गरेर देखाइएको विपद् शाखा प्रमुख भट्टले बताए । उनका अनुसार आगलागी हुन नदिनका लागि कस्तो किसिमको सावधानी अपनाउने, आगलागी भइहालेमा आफैं कसरी नियन्त्रणको प्रयास गर्ने र कुन-कुन निकायमा को-कोसँग सम्पर्क राख्ने, सम्पर्क राख्न कति नम्बरमा फोन गर्ने भन्ने कुरा पनि समुदायलाई जानकारी गराइएको छ ।

वन क्षेत्रमा प्राकृतिक र मानवीय रूपमा लाग्ने डढेलो लाग्नै नदिनका लागि अपनाउनुपर्ने सावधानीसँगै डढेलो लागिहाले कुन तरिकाले नियन्त्रण गर्ने भन्नेबारे कार्यक्रममा जानकारी दिइएको छ । कार्यक्रममा सहभागी वातावरण मध्यवर्ती सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीले आगलागी नियन्त्रणसम्बन्धी नमूना अभ्यासबाट आगलागी नियन्त्रण गर्न अपनाउनुपर्ने सावधानीबारे जानकारी पाएपछि सचेत बनेको बताए । कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी, नगरपालिकाका विपद् शाखाका कर्मचारी, सामुदायिक वनका पदाधिकारी र स्थानीय समुदायको सहभागिता थियो ।

# 'भूमिसम्बन्धी समस्या समाधान गर्न प्रदेश सरकारले सहजीकरण गर्छ'

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भूमिसम्बन्धी समस्या समाधान गर्न प्रदेश सरकारले समन्वय र सहजीकरण गर्ने बताएका छन् । भूमि समस्या समाधान आयोगले आइतबार आयोजना गरेको प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उनले भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने बताएका हुन् ।

'आयोगलाई महत्त्वपूर्ण जिम्मेवारी सुम्पिएको छ । त्यो जिम्मेवारी पूरा गर्न पूर्णरूपमा सफल हुनुहोस् । प्रदेश सरकारले संघ र स्थानीय सरकार, भूमि आयोग सबैसँग प्रभावकारी सहजीकरण गर्छ । सहजीकरणमा कुनै कमी आउन दिइने छैन,' मुख्यमन्त्री आचार्यले भने ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भूमिहीन सुकुम्वासीलाई न्याय दिन गठन भएको आयोग अन्तिम भएको र यसले भूमिसम्बन्धी सबैखाले समस्या समाधान गर्ने विश्वास व्यक्त गरे । 'विगतमा पटक-पटक आयोग गठन भए पनि समस्या समाधान हुन सकेनन् । अब यो अन्तिम आयोग हुने छ,' उनले भने, 'अब न त कोही जग्गाको मामिलामा अन्यायमा पर्छ, न त कोही भूमिहीन नै रहन्छ । हामी एकपटकका लागि देखिएका सबै समस्या समाधान गर्छौं ।'

भूमि समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजालले भूमिसम्बन्धी समस्या स्थायीरूपमा समाधान गर्न संवैधानिक अधिकार प्राप्त आयोग बनेको बताए । भूमिका कारण विभेदमा परेका जनताको समस्या समाधान गर्न संवैधानिकरूपमा बलियो आयोग बनेको भन्दै उनले यसपटक जसरी पनि समस्या समाधान हुने धारणा राखे ।

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०

**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८१/११/१२

यस बैकको निक्षपकर्ता श्री रामशकर लाल श्रेष्ठको नातिनि, देवशकर लाल श्रेष्ठको छोरी, ललितपूर जिल्ला, ललितपूर महानगरपालिका वडा नं. ८ बस्ने श्री शीला श्रेष्ठ (ना. प. नं. २६३९४, जारी मिति २०४४/०३/०५) वर्ष ७५ को उमेरमा मिति २०८१/१०/०५ गते निधन भएकोले मृतकको नाममा यस बैकमा खोलिएको बचत तथा मुद्दती खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमान् मन मोहन श्रेष्ठले मृत्यू दर्ताको प्रमाणपत्र लगायतका कागजातहरु समेत सलग्न गरी निबेदन दिनू भएको हूँदा निज निक्षेपकताको निक्षपमा निवेदक बाहेक अन्य कूनै व्यक्तिको हकदावी रहेको भए यो सुचना उपरोक्त प्रकाशीत भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न आउने हून अनूरोध छ ।अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिमको श्रीमान् मन मोहन श्रेष्ठको हक कायम हूने हूँदा सम्बधित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/१२**

यस कम्पनीको मिति २०७८/०८/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जयन्ती हिल्स कन्स्ट्रक्सन प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **जयंतिया हिल्स कन्स्ट्रक्सन प्रा.लि**. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०९/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जयंतिया हिल्स कन्स्ट्रक्सन प्रा.लि**. (प्रा.लि.नं.१८७६९७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## Urlabari Municipality
### Office of Municipal Executive
Urlabari, Morang
Koshi Province, Nepal

## Invitation of Electronic Bids

**Second Date of Publication: 2081/11/12**
**(24th of February 2025)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under sealed quotations procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Drain-ward8-W-SQ-24-081/82 | New Srijana adhuro drain nirman,Urlabari-8 morang | 16,10,425.43 | 36,000/- | 1000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Madan Bhandari Academy of Health Sciences
Hetauda, Makwanpur
Bagmati Province, Nepal

## Notice for Intent of Acceptance

**Date of Publication: 2081/11/12**

Pursuant to sub clause 27(2) 47(3) of Public Procurement Act 2063, this is to notify the following substantially responsive lowest bidders have been selected to award the contract as per the invitation for bids published on The Saurya Dainik on 2081/10/10 and Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital intents to award the contract to the same.

| Notice No | Description | Name and Address of Successful Bidders | Bidder rate in NRS |
|---|---|---|---|
| MBAHS/HH/MI/NCB/081/082-004 | Procurement of Medicines for MBAHS,Hetauda Hospital, Hospital Pharmacy (Re-Tender) | Magnus Pharma Pvt. Ltd., Jeetpur Simara | Rs. 1,46,700.00 |
| | | Krishav Pharmacy. , Bharatpur, Chitwan | Rs. 6,73,500.80 |
| | | The Solution Meditech Pvt. Ltd., Gairidhara, Kathmandu | Rs. 20,53,507.40 |
| | | Medipoint International Pvt.Ltd., Gairidhara, Kathmandu | Rs. 20,29,289.00 |
| | | Pearl Meditech Pvt. Ltd., Bharatpur, Chitwan | Rs. 86,15,119.00 |

**Hetauda Hospital**

## साउदीमा रोजगार
कम्पनी : COMPANY AL-AMAL AL-BAYA AL-MASTADAMA COMMERCIAL

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | LT. No. 319165 | चलानी नं. ६०२३३४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Helper | 1 | 0 | 1200 | ४४,२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १९ गते (3rd March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा रोजगार
कम्पनी : HERO WORKS COMPANY FOR CAR POLISHING AND PROTECTION AND CAR REPAIR GARAGE

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 319273 | चलानी नं. ६०२३३४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (CAR WASH) | 15 | 0 | 100 | ४४,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (Light driver) | 5 | 0 | 150 | ६७,१६८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १९ गते (3rd march 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Noor Overseas Pvt. Ltd**
श्रम इजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## युएइमा रोजगार
कम्पनी : BLUE CHAMP TECH CONT. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | LT. No. 319215 | चलानी नं. ६०२३३४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ARCHIVES CLERK | 3 | 0 | 1200 | ४५,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 3 | CONCRETE MASON | 2 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 4 | Construction Carpenter | 6 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 5 | ELETRICIAN | 1 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 6 | Ordinary Labour | 2 | 0 | 1000 | ३७,६२८ | | | | | | | |
| 7 | Plaster | 1 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 8 | Steal Fixer | 1 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 9 | Welder Tech. | 1 | 0 | 1200 | ४५,१५४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १९ गते (3rd March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## युएईमा रोजगार
कम्पनी : AL MAWARID ALTHAKI RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319179 | चलानी नं. ६०२३३४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Male | 100 | 0 | 1000 | ३७,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Telephone Switchboard Operator | 100 | 0 | 1500 | ५६,४४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १९ गते (3rd Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ९७३/०६७/०६८
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal, Telphone No: +977-1-4387902
E-mail: middleorbit@gmail.com, Website: middleorbitoverseas.com

## सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा, मधेश प्रदेश, नेपाल

**सूचना सूचना सूचना**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास कार्यत्रम अन्तर्गतका ठेक्का नः SM/Works/SQ/081/082/01 (Construction of Karmchari Sewa Kendra Building) को मिति २०८१/११/१० गतेको पत्रिकामा प्रकाशित ठेक्का सार्वजनिक खरिद अनुगमन कार्यालयको server मा समस्याको कारण आज मिति २०८१/११/११ को ०२:०० बजे Published गरिएको सम्पूर्णमा जानकारीको लागि अनुरोध छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेब साईट www.sabailamun.gov.np तथा सूचना पाटीमा हेर्न सकिनेछ ।

## हक दावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना

*प्रकाशित मिति २०८१/११/१२ गते*

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/२० मा दर्ता कायम भएको **सिद्धार्थ इन्टरनेशनल मल्टिपर्पोज प्रा.लि.**(प्रा.लि.नं.२८२९८९/०७८/०७९) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/११/११ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाणसहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतिस**) दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)
इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४

## बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

## सूचना प्रविधि उपकरण खरिदको बोलपत्र आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१।११।१२)**

बेनीघाट रोराङ गाउँपालिकामा आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित सूचना प्रविधि उपकरण खरिदको लागी विद्युतिय माध्यमबाट बोलपत्र आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना बेनीघाट रोराङ गाउँपालिकाको वेवसाइट www.benighatrorangmun.gov.np तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवासाइट www.bolpatra.gov.np/egp. बाट हेर्न सकिने व्यहोरा सम्बन्धित इच्छुक सम्पूर्ण बोलपत्रदाताहरूलाई यसै सूचनाद्वारा सुचित गरिन्छ ।

**तपशिल**

| Bid No. | Description | Bid Document Fee (non-refundable) | Minimum Bid Security | Bid Opening Date | Bidding Process |
|---|---|---|---|---|---|
| BRRM/NCB/G/02/2081/082 | Technology friendly School Operation and Management for Educational Development: Supply, Delivery and Installation of IT Related Goods | 3,000/- | 5,00,000/- | 2081/12/13 | Electronic Bid Only |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक




## 'लाज शरणम्' युनिभर्सल सर्टिफिकेट

फागुन १४ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्र 'लाज शरणम्' सेन्सर पास भएको छ । केन्द्रीय चलचित्र जाँच समितिले चलचित्रलाई 'युनिभर्सल सर्टिफिकेट' दिँदै सबै उमेर समूहका दर्शकले हेर्न मिल्ने गरी पास गरेको हो । उच्च अदालत पाटनमा मुद्दा परेपछि चलचित्र प्रदर्शन हुने नहुने अन्योलता थियो । बोर्डले चलचित्रलाई पास गरेसँगै अब पूर्वनिर्धारित मितिमा नै प्रदर्शन हुने पक्का भएको निर्माण पक्षले जनाएको छ । यो चलचित्र हास्य टेलिश्रृंखला 'सक्किगोनि'को टिमले बनाएको हो ।





# प्रस्तुतिका लागि नेपाल आउँदै गुलाम अली

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रसिद्ध पाकिस्तानी गजलकार गुलाम अलीले नेपालमा प्रस्तुति दिने भएका छन् । गजलकार अलीले आगामी चैत २ गते ललितपुरको पुल्चोकस्थित द प्लाजामा 'गुलाम अली थ्री जनेरेसन अन वान स्टेज' कार्यक्रममा आफ्नो प्रस्तुति दिने आयोजक साधना कला केन्द्रका अध्यक्ष मिलन मोक्तानले जानकारी दिए ।

उनले भने, 'गजलकार अलीले छोरा आमिर गुलाम अली र नाति नाजिर गुलाम अलीका साथ एउटै स्टेजमा प्रस्तुति दिनुहुने छ । उहाँलाई नेपाल आउने इच्छा भएकाले हामीले कार्यक्रम आयोजना गर्न लागेका हौं ।' अध्यक्ष मोक्तानका अनुसार गजलकार अली यही फागुन ३० गते नेपाल आउने कार्यक्रम छ ।

संगीतकार दीपक जंगमले गजलकार अलीको कार्यक्रमले नेपाली गजलकारलाई ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरे । 'उहाँसँग मैले काम गर्ने अवसर पाएको छु । उहाँलाई प्रत्यक्ष सुन्ने र हेर्ने दर्शकझैँ संगीतकर्मीको पनि सपना हुन्छ । त्यसैले यो कार्यक्रम दर्शकझैँ संगीतकर्मीका लागि पनि उत्तिकै महत्त्वपूर्ण छ,' उनले भने । गजलकार अलीका 'गाजलु ती ठूलाठूला आँखा,' 'किन किन तिम्रो तस्बिर,' 'लोलाएका ती ठूला,' 'के छ र दिउँ,' 'निधारमा' लगायत नेपाली गीत र गजल प्रसिद्ध छन् ।

# मण्डलामा 'जुन त लग्यो ताराले' मञ्चन




काठमाडौं (प्रस)- शनिबारदेखि थापागाउँस्थित मण्डला नाटकघरमा 'जुन त लग्यो ताराले' को मञ्चन सुरु भएको छ । विदेसिन बाध्य बनाउने बाध्यता, रहर अनि सपनाले नेपाली समाजलाई एक्लो बनाइरहेको यथार्थ र छुटिएका एक्लो मनहरूको कथालाई नाटकमा प्रस्तुत गरिएको निर्देशक इँगिहोपो कोँइच सुनुवारले बताए ।

उनले भने, 'आफूभित्र भएका भोगाइ, महसुस अनि आफ्नै देखेका तर बेवास्ता गरिएका साधारण कथा भन्न रुचाउने भएकाले यो विषयलाई नाटकमा ल्याएको हुँ । यो कथालाई नाटकमा ल्याउँछु भन्ने पाँच-छ वर्ष अघिदेखि नै सोच आएको थियो । तर यसपटक मण्डला थिएटरले 'ल्याब १६ का प्रशिक्षार्थीलाई प्रशिक्षण गराउनुका साथै नाटक निर्देशन पनि गर्नुपर्ने छ' भन्ने जिम्मेवारी सुम्पिएपछि नाटक तयार भयो ।'

निर्देशक सुनुवारले नाटक 'जुन त लग्यो ताराले' मा उपाश्ना तामाङ, अञ्जना राई, मीरा पण्डित, विनोद राहुमगर, मेनुका माझी, बद्रीप्रसाद तिवारी, प्रतिमा तामाङ, प्रगति खरेल, प्रिन्स रिजाल, अमिर ताम्राकार, सञ्जीव महर्जन, साइरस विश्वकर्मालगायत कलाकारले अभिनय गरिरहेको जानकारी दिए ।

# श्रेष्ठका चार कृति सार्वजनिक



**काठमाडौं (प्रस)–** साहित्यकार मोतीशोभा श्रेष्ठद्वारा लिखित चार कृति एकसाथ विमोचन गरिएका छन् । साहित्यकार श्रेष्ठद्वारा नेपाली भाषामा लिखित 'अल्झिएका धागाहरू' कथासंग्रह, 'रंगीचंगी फूलहरूले सजिएका फूलबारी' लघुउपन्यास, नेपाल भाषामा लिखित 'घट चियाया' कथासंग्रह र अंग्रेजी भाषामा लिखित 'नेचर' लघुउपन्यासको सार्वजनिक गरिएको हो । ती कृतिको पूर्वमन्त्री एवं साहित्यकार शंकरप्रसाद कोइराला, जनमत प्रकाशनका अध्यक्ष मोहन दुवाल र कथाकार लोचन तारा तुलाधरले संयुक्तरूपमा शनिबार सार्वजनिक गरेका हुन् ।

श्रेष्ठद्वारा लिखित 'अल्झिएका धागाहरू' मा विविध विषयवस्तु र जीवनका अनुभूतिलाई समेटिएका ५० कथा समेटिएका छन् । दोस्रो कृति 'रंगीचंगी फूलहरूले सजिएका फूलबारी' लघुउपन्यासमा पारिवारिक सद्भाव, समन्वय र आपसी मेलमिलाप तथा सकारात्मक सोचलाई मुख्य विषय बनाइएको लेखक श्रेष्ठले बताए ।

नेपाल भाषामा प्रकाशित तेस्रो कृति 'घुटु चियाया' कथा संग्रहमा मानव समवेदना, प्रकृति, कला र संस्कृतिका ६० कथा समेटिएका छन् भने चौथो अंग्रेजी कृति 'नेचर' लघुउपन्यासमा प्रकृति प्रेम, प्राकृतिक सौन्दर्यलगायत नेवारी समुदायका संस्कृति र रीतिरिजावबारे लेखिएको छ । उनले यसअघि पनि चार लघुउपन्यास प्रकाशित गरिसकेका छन् ।



अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिप

# नेपाल र म्यानमाको खेल बराबरी

■ प्रभाव संवाददाता




**काठमाडौं–** राजधानीमा जारी अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिपअन्तर्गत लिग चरणको अन्तिम खेलमा नेपाल र म्यानमाले बराबरी खेलेका छन् । चार देश सम्मिलित प्रतियोगिताको फाइनलमा पुगिसकेका यी दुई टोलीले आइतबार २-२ गोलको बराबरी खेलेका हुन् ।

दशरथ रंगशालामा भएको खेलको छैटौं मिनेटमा घरेलु दर्शकलाई स्तब्ध पार्दै म्यानमाले पहिलो गोल गरेको थियो । उक्त गोल म्यानमाका लागि फ्रिकिकमा म्याट नोइ खिनले गरेकी थिइन् । लगत्तै खेललको ११औं मिनेटमा नेपालका लागि सविता रानामगरले गोल गरिन् । यसैगरी खेलको १७औं मिनेटमा म्यानमाले नेपालविरुद्ध दोस्रो गोल गऱ्यो । म्यानमाका लागि उक्त गोल मे टेट लुले गरेकी थिइन् । पहिलो हाफको अन्तिममा नेपालका लागि सावित्रा भण्डारी 'साम्बा'ले गोल गरिन् । उनले खेलको ४१औं मिनेटमा प्रीति राईको उत्कृष्ट पासमा गोल गरेकी थिइन् ।

दोस्रो हाफमा दुवै टोलीबाट गोलको प्रयास भए पनि गोलमा परिणत गर्न नसक्दा २-२ गोलको बराबरीमा खेल सकियो । यसअघि दुई-दुई खेलमा जित हात पार्दै यी दुई टोलीले फाइनलमा स्थान बनाइसकेका छन् । अब आगामी बुधबार उपाधिका लागि नेपाल र म्यान्माबीचको फाइनल खेल हुने छ ।

# प्रधानमन्त्री कप क्रिकेटको उद्घाटन खेलमा दार्चुला विजयी



**बैतडी (प्रस)–** प्रधानमन्त्री कप पुरूष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम प्रदेशस्तरीय छनोट बैतडीमा सुरु भएको छ ।

दशरथचन्द क्रिकेट मैदानमा आइतबार भएको उद्घाटन खेलमा दार्चुलाले बझाङलाई ११ रनले हरायो । जितका लागि पाएको एक ३५ रनको लक्ष्य पछ्याएको बझाङ निर्धारित २५ ओभरमा नौ विकेटको क्षतिमा १२३ रन बनाउन सफल भयो । खेलाडी गजेन्द्र भण्डारीले सर्वाधिक ४२ रनको योगदान गरे पनि टोलीलाई जिताउन सकेनन् । पहिला ब्याटिङ गरेको दार्चुला २४.४ ओभरमा १३४ रनमा समेटियो । दार्चुलाका रूपसिंह खातीले ३० र नरेन्द्र महराले १७ रन बनाए भने बझाङका सञ्जय बोहराले तीन, अभिनास सिंह र भरत चन्दले समान दुई विकेट हात पारे ।

प्रतियोगिताको उद्घाटन नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्दले गरेका थिए । त्यस अवसरमा सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेव जोशी, उपाध्यक्ष रमेशबहादुर बोहरा, कोषाध्यक्ष दिनेश सिंह, बैतडी जिल्ला क्रिकेट संघका अध्यक्ष विनोदबहादुर चन्दलगायत उपस्थित थिए ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको आयोजना तथा बैतडी जिल्ला क्रिकेट संघको सहआयोजनामा जारी प्रतियोगितामा सुदूरपश्चिम प्रदेशका आठ टोलीबीच स्पर्धा हुँदै छ ।

**अमादब्लम मिनि हाईड्रो लि.**

काठमाण्डौ महानगरपालिका-०८

**दोस्रो वार्षिक साधारण सभाको सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८१/११/१२

मिति २०८१/१०/३० गते बसेको यस कम्पनीको संचालक समितिको बैठकको निर्णयाअनूसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान तथा समयमा निम्न विषयहरूमा छलफल गर्न वस्ने भएकोले सम्पूर्ण शेयरधनी महानूभावहरूलाई उपस्थितिको लागि अनूरोध गरिएको छ ।

**स्थान**: सिद्धार्थ बुटिक होटल, बौद्ध, काठमाडौं

**मिति**: २०८१/११/२४

**समय**: दिनको १:०० बजे

**साधारण प्रस्तावहरू**

१. संचालक समितिको प्रतिवदेन माथि छलफल ।
२. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने ।
३. चालू आर्थिक वर्ष २०८१/८२ लेखापरीक्षक नियुक्त गर्ने बारे ।
४. संचालक समिति गठन गर्ने बारे ।
५. विविध सम्बन्धमा ।

**विशेष प्रस्तावहरू**

१. रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
२. नियमावलीको नियम १० संसोधन सम्बन्धमा ।
३. नियमावलीको नियम २७ (२) संसोधन सम्बन्धमा ।
४. नियमावलीको नियम २७ (६) संसोधन सम्बन्धमा ।
५. नियमावलीको नियम २८ संसोधन सम्बन्धमा ।
६. कम्पनी सचिव नियुक्ति सम्बन्धमा ।

**विविध प्रस्तावहरू:**

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरियर/इमेल/मेसेन्जर मार्फत पठाइने छ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
२. साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
३. शेयरधनी महानुभावहरूको उपस्थिती पुस्तिकामा दस्तखत गर्ने शेयरधनी पुस्तिका बिहान ११:३० बजे देखि खुल्ला गरिनेछ ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा सुरू हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय कामकाजको समयमा दर्ता गराई सक्नु पर्ने छ ।

**युएइमा रोजगार** कम्पनी : GREY STONE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319307 | चलानी नं. ६०२३३४६६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 4 | 0 | 900 | ३३,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 3 | Painter Assistant | 2 | 0 | 1100 | ४१,३९१ | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 5 | Plumber Assistant | 2 | 0 | 1100 | ४१,३९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd march 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081

NEPAL WORLD OVERSEAS PVT.LTD

Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

**युएइमा रोजगार** कम्पनी : STAR FORCE FACILITIES MANAGEMENT SERVICES L.LC

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | LT. No. 319281 | चलानी नं. ६०२३३४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४५,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 2 | 0 | 900 | ३३,८६५ | | | | | | | |
| 3 | Electrician Assistant | 2 | 0 | 900 | ३३,८६५ | | | | | | | |
| 4 | Masion | 2 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 6 | Steal Fixer | 1 | 0 | 1200 | ४५,१५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. श्रम इजाजत नं. ११९५/०७३/७४

Head Office: Sinamangal-9, kathmandu, Kathmandu, Bagmati, Tel: +01-4796201
Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: ishanoverseasjhapa@gmail.com, URL: www.ishanint.com

**कुवेतमा रोजगार** कम्पनी : Shuwaiqan Artist Salon For Ladies Beauty

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319314 | चलानी नं. ६०२३३४६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIR STYLIST/HAIR DRESSER | 0 | 2 | 150 | ६७,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LIGHT DRIVER/DRIVER | 0 | 2 | 160 | ७१,६४५ | | | | | | | |
| 3 | MANICURIST/NAIL TECHNICIAN | 0 | 6 | 150 | ६७,१६५ | | | | | | | |

कम्पनी : Salama & Kandil for General Trading Co.

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319315 | चलानी नं. ६०२३३४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 3 | 0 | 120 | ५३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Vegetable and Fruit Cutting & Packing | 3 | 0 | 140 | ६२,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

**युएइमा रोजगार** कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319303 | चलानी नं.६०२३३४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 20 | 0 | 1200 | ४५,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 17 | 0 | 1000 | ३७,६२८ | | | | | | | |
| 3 | building painter assistant | 10 | 0 | 1000 | ३७,६२८ | | | | | | | |
| 4 | PAINTER | 16 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 5 | Painter (Spray Metal) | 10 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 6 | Plasterer For Building | 21 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 7 | Scafolder | 25 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 8 | Stone Setting Workers | 25 | 0 | 1200 | ४५,१५४ | | | | | | | |
| 9 | WELDER | 6 | 0 | 1200 | ४५,१५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १९ गते (3rd march 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1631/080/081

PREMIUM HUMAN RESOURCE

Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 98201504740, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

# कामको औचित्य प्रमाणित गर्न नसक्ने कर्मचारीले जागिर गुमाउनुपर्ने मस्कको चेतावनी




**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका अर्बपति सल्लाहकार एलन मस्कले अमेरिकी संघीय निकायका सबै कर्मचारीले आफ्नो कामको औचित्य पुष्टि गर्नुपर्ने वा जागिर गुमाउनुपर्ने बताएका छन् । विश्वका सबैभन्दा धनी व्यक्ति तथा ट्रम्पका सबैभन्दा ठूला दाता मस्कले अनावश्यक सरकारी कर्मचारीलाई बिदा (बर्खास्त) गर्ने प्रयासको नेतृत्व गरेका छन् ।

'सबै संघीय कर्मचारीहरूले चाँडै एक इमेल प्राप्त गर्ने छन् जुन उनीहरूले गत हप्ता के गरेका थिए भनेर बुझ्न अनुरोध गर्दछ। जवाफ दिन असफल भएमा त्यसलाई राजीनामाको रूपमा लिइने छ,' मस्कले लेखेका छन् ।

एएफपीलाई उपलब्ध गराइएको इमेलको प्रतिलिपिमा संघीय कर्मचारीहरूलाई 'उनीहरूले अघिल्लो हप्ता गरेका लगभग पाँचवटा मुख्य काम पेस गर्न' भनिएको छ । अमेरिकाको 'अफिस अफ पर्सनल म्यानेजमेन्ट (ओपिएम)' बाट आएको उक्त इमेलमा 'तपाईंले गत हप्ता के गर्नुभयो ?' भन्ने शीर्षक थियो । जवाफ दिने समयसीमा सोमबार राति ११:५९ थियो, यद्यपि सन्देशमा त्यसो गर्न असफल भएमा जागिरबाट हटाउन भनिएको थिएन ।

ओपिएमले शनिबार साँझ एएफपीको प्रतिक्रियाको अनुरोधको तत्काल जवाफ दिएन । सबैभन्दा ठूलो संघीय कर्मचारी युनियन, 'अमेरिकन फेडेरेसन अफ गभर्नमेन्ट एम्प्लोइज (एएफजिई)' ले राष्ट्रिय अध्यक्ष एभरेट केलीको एक वक्तव्यमा कुनै पनि गैरकानुनी बर्खास्तीलाई चुनौती दिने प्रतिबद्धता जनाएको छ ।

केलीले मस्क र ट्रम्प प्रशासनको आलोचना गर्दै यो कदमले 'संघीय कर्मचारीहरू र उनीहरूले अमेरिकी जनतालाई प्रदान गर्ने महत्त्वपूर्ण सेवाहरूप्रति उनीहरूको घोर अपमान' भएको बताएका थिए ।

उनले भनेका छन्, 'निजामती सेवामा आफ्नो दोस्रो बर्दीधारी लाखौं भूतपूर्व सैनिकहरूलाई आफ्नो जीवनको एक घण्टा पनि इमानदार सार्वजनिक सेवा नगरेका यी अछुतो, विशेषाधिकार प्राप्त अनिर्वाचित अर्बपतिलाई आफ्नो (कर्मचारीको) जागिरको जिम्मेवारीको औचित्य सावित गर्न बाध्य पार्नु क्रूर र अपमानजनक छ ।'

धेरै संघीय कर्मचारीहरूले एएफपीलाई बताएअनुसार उनीहरूका एजेन्सीहरूले इमेलको जवाफ नदिन र थप निर्देशनको प्रतीक्षा गर्न सल्लाह दिएका थिए । इमेल प्राप्त गरेका भेट्रान्स अफेयर्स विभागका एक चिकित्सकले एएफपीसँग भने, 'मैले धेरै काम गर्न बाँकी छ, म यो नाटकका लागि वास्तविक बिरामीको हेरचाहलाई बेवास्ता गर्ने छैन ।' *रासस⁄एएफपी*

# प्यालेस्टिनी कैदीको रिहाइमा ढिलाइ

**जेरूसेलम–** इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हमासले बन्धक रिहाइका समय गर्ने 'अपमानजनक समारोह' रोक्ने प्रतिबद्धता नआएसम्म गाजा युद्धविराम सम्झौताअन्तर्गत प्यालेस्टिनी कैदीहरूको सातौं समूहको रिहाइ प्रक्रिया ढिलो हुने बताएका छन् ।

सम्झौताअन्तर्गत सशस्त्र इस्लामिक लडाकु समूह (हमास)ले शनिबार बन्धकको रिहाइ प्रक्रियाअन्तर्गत सातौं समूहका छ बन्धकको रिहाइ गरिसकेको छ । बदलामा इजरायलले ६०० प्यालेस्टिनी बन्दीलाई शनिबार नै रिहा गर्ने सहमति भए पनि बन्धक रिहाइका समय हमासले गरेका 'समारोह'ले हमासले बन्धक बनाएका इजरायली नागरिकको अपमान भएको भन्दै इजरायलले बन्दी रिहा गर्न ढिलाइ गरेको छ ।

युद्धविरामको पहिलो चरण जनवरी १९ मा सुरु भएयता हमासले गाजाका विभिन्न स्थानमा भेला भएका समारोहबीच २५ जना जीवित इजरायली बन्धकलाई रिहा गरिसकेको छ । सशस्त्र नकाबपोश लडाकुहरूले बन्दीहरूलाई नाराले सजिएका मञ्चहरूमा राख्ने, सम्बोधन गर्न लगाउने र हात हल्लाउन लगाएर बिदाइ गर्नेजस्ता कार्यप्रति इजरायलले आपत्ति जनाएको हो ।

रेडक्रसले यसअघि 'सबै पक्ष'लाई 'सम्मानजनक र निजी' तरिकाले बन्धक र बन्दीको आदानप्रदानका लागि आग्रह गरेको थियो । सातौं समूहअन्तर्गत हमासले शनिबार छ जना इजरायली बन्दीलाई रिहा गरेको थियो तर इजरायलले बदलामा प्यालेस्टिनी कैदीलाई रिहा गर्न रोकेको थियो ।

## आरोप-प्रत्यारोप

मार्चको सुरुमा समाप्त हुने भनिएको पहिलो चरणको युद्धविराम सम्झौता अन्तर्गत कैदी आदानप्रदानमा ढिलाइ हुनुलाई प्यालेस्टिनी लडाकु समूह हमासले युद्धविराम सम्झौताको 'घोर उल्लंघन' भनेको छ ।

नेतन्याहूको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हमासले सहमतिका बुँदालाई पटक-पटक उल्लंघन गरेको र हाम्रा बन्धकहरूको अपमान गर्ने लज्जाजनक समारोह र प्रोपोगान्डाका लागि बन्धकहरूको निन्दनीय प्रयोगलाई ध्यानमा राख्दै 'आतंकवादी'हरूको रिहाइमा ढिलाइ गर्ने निर्णय गरिएको छ ।'

'अपमानजनक समारोहविना अर्को बन्धकहरूको रिहाइ सुनिश्चित नभएसम्म यो ढिलाइ जारी रहने छ,' विज्ञप्तिमा भनिएको छ । यसैबीच, वासिङ्टनबाट अमेरिकी विदेशमन्त्री मार्को रुबियोले हमासले बाँकी रहेका सबै बन्धकलाई रिहा नगरे समूह 'ध्वस्त' हुने चेतावनी दिएका छन् ।

सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि भएको आक्रमणपछि इजरायलले हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता जनाएको थियो । प्यालेस्टिनी लडाकु समूहहरूको दक्षिणी इजरायलमा भएको उक्त आक्रमणमा एक हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो भने इजरायलको जवाफी कारबाहीमा ४८ हजारभन्दा बढीको मृत्यु भएको दुवै पक्षका आँकडाहरूले देखाएका छन् । *रासस⁄एएफपी*

# पोप फ्रान्सिसको स्वास्थ्य अवस्था जटिल अवस्थामा : भ्याटिकन

**भ्याटिकन सिटी–** क्रिश्चियन धर्मगुरू पोप फ्रान्सिसको अवस्था गम्भीर रहेको भ्याटिकनस्थित उनको कार्यालयले आइतबार बिहान अस्पतालबाटै जारी एक विज्ञप्तिमा भनिएको छ ।

गत फेब्रुअरी १४ देखि अस्पताल भर्ना भएका पोपलाई लामो समयसम्म श्वासप्रश्वासमा समस्या भएको र रगत चढाउनुपर्ने अवस्था आएको द होली सीले पोपको स्वास्थ्य अवस्थाबारे जानकारी गराउन शनिबार राति जारी विज्ञप्तिमा भनिएको छ। 'शनिबार राति पोपले शान्तिपूर्वक आराम गरेको' होली सीले आइतबार बिहान दिएको संक्षिप्त अपडेटमा उल्लेख गरेका छन् । सन् २०१३ देखि क्याथोलिक चर्चका प्रमुख रहेका अर्जेन्टिनी धर्मगुरुलाई सुरुमा ब्रोन्काइटिसका कारण रोमको जेमेली अस्पतालमा भर्ना गरिएको थियो ।

भ्याटिकनले शनिबार साँझ नियमित मेडिकल बुलेटिन जारी गर्दै भनेको छ, 'होली फादरको अवस्था गम्भीर रहेको छ, त्यसैले उहाँ अझै 'खतरामुक्त' हुनुहुन्न ।' भ्याटिकनले फ्रान्सिस अझै पनि सतर्क रहेको र अघिल्लो दिनको तुलनामा बढी दुःख भोगेको भएता पनि कुर्सीमा दिन बिताएको बताएको छ ।

'नियमित रक्त परीक्षण भइरहेको र आइतबारको रिपोर्टमा रक्तअल्पतासँग सम्बन्धित 'थ्रोम्बोसाइटोपेनिया' समस्या पनि देखिएको छ,' विज्ञप्तिमा भनिएको छ । थ्रोम्बोसाइटोपेनिया रगतमा प्लेटलेटको संख्या धेरै कम हुँदा हुन्छ र यसले रक्तस्राव रोक्न नसक्ने समस्या निम्त्याउन सक्छ र मानव स्वास्थ्यमा अत्यधिक जोखिम हुन सक्छ ।

अमेरिकाको नेसनल इन्स्टिच्युट अफ हेल्थ (एनआइएच)का अनुसार अत्यधिक रक्तस्राव भइरहेको छ वा रक्तस्रावको उच्च जोखिममा छ भने जोखिम कम गर्नका लागि रक्तनलीमा 'इन्ट्राभेनस (आइभी)' लाइनमार्फत रक्तनलीमा रगत वा प्लेटलेट ट्रान्सफ्युजन गरिन्छ । इटालीको कोरिएरे डेला सेरा अखबारले आइतबार बिहान 'पोपको अवस्था झनै बिग्रँदै गएको' शीर्षकमा समाचार छापेको छ भने ला रिपब्लिकाले भ्याटिकनको 'सबैभन्दा कालो दिन' भनेको छ । *रासस⁄एएफपी*


## साउदीमा रोजगार

कम्पनी : Al Ayuni Investment & Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/११/११ | LT. No. 319276 | चलानी नं. ६०२३३४७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 53 | 0 | 1800 | ६६,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २० गते (4th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74

SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल काठमाडौं

**बिद्युतीय बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/११/१२ गते)

चालू आ.ब. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उललेखित राशन सामाग्री तथा विविध औजार उपकरणहरु विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | NTrC/G/NCB/22-081/82 | Supply and Delivery Rasan Goods | ३,०००/- | २,१७,०००/- | Single Stage: One Envelope |
| २ | NTrC/G/NCB/23-081/82 | Supply and Delivery of Spine Instruments Set | ३,०००/- | १,४५,०००/- | Single Stage: Two Envelope |
| ३ | NTrC/G/NCB/24-081/82 | Supply and Delivery of Burn Plastic/ CTVS/ENT Instruments | ३,०००/- | ६२,०००/- | Single Stage: Two Envelope |

विस्तृत जानकारीको लागि:-Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट



**Bahudarmai Municipality**
**Office of Bahudarmai Municipality**
**Bahuwari Pidari, Parsa**

**Invitation for Bids**

***Date of publication: 24th February 2025 (2081/11/12)***

1. Bahudarmai Municipality invites electronic bids from eligible Nepalese bidders for Construction Works as mentioned below:-

❖ Under National Competitive Bidding- Single Stage, Single Envelope Bidding Procedures.

| Contract ID No. | ProjectName | Esstimated Amount Nrs. (ExclusiveV.A.T &Contigency) | Bid Security | Bid documents Costs |
|---|---|---|---|---|
| BM/NCB/WORKS/2081-082/01 | *Supply and Installation of Hand Pump* (Bahudarmai Municipality wada no. 1-9, parsa) | 1,28,94,259.87 | 3,20,000/- | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder can bid electronically through e-procurement section of PPMO's websitewww.bolpatra.gov.np/egp.Bidders, submitting their bide lectronically, should deposit the non-refundable fee mentioned above for the project of the bidding document fee in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy of bank deposit voucher shall be uploaded by the bidders at time of electronic submission of the bids.

   Information to deposit the cost of Bid document Fee in Bank:
   Name of Bank:-Siddhartha Bank Limited, Bahudarmai Branch
   Account Name:-Bahudarmai Nagarpalika Antarik ShrotTatha Bibidh Amdani Khata
   Account Number:- 00215378544
4. Pre-bid meeting shall be held at Bahudarmai Municipality, BahuwariPidari, Parsa at 14:00 hours on 2081/12/03.
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12.00 Hrs Noon on 26th March 2025(2081/12/13). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 26thMarch 2025(2081/12/13) at the office of Bahudarmai Municipality, Bahuwaripidari, Parsa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to as mentioned above which shall be valid for 30 days beyond the validity period of thebid.

   For Bid Security Purpose:
   Name of Bank:-Siddhartha Bank Limited, Bahudarmai Branch Account Name:-Bahudarmai Municipality (GA03) Dharauti Khata Account Number:- 00215378595
7. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७०३०० | प्रति तोला – ० | प्रति तोला – १९७० |



**हिउँ पन्छाउँदै सशस्त्र प्रहरी** | मुस्ताङको वारागुँ मुक्तिक्षेत्र गाउँपालिका–१ र २ अन्तर्गत खिंगा गाउँहुँदै झारकोटदेखि रानीपौवा बजार र मुक्तिनाथ मन्दिर परिसरमा हिउँ पन्छाउँदै सशस्त्र प्रहरी । हिमपातले सवारीसाधन रोकिएपछि सशस्त्र प्रहरीको टोलीले हिउँ पन्छाएर आवतजावतमा सहज गराएको हो ।
*तस्बिर: सुशीलबाबु थकाली/रासस*

# अमेरिकी सहयोगका सम्बन्धमा प्रतिवेदन बनाउन माग

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा सदस्य गोकुलप्रसाद बाँस्कोटाले अमेरिकाबाट कुन-कुन शीर्षकमा कति सहयोग आयो सरकारले सोको प्रतिवेदन तयार गर्नुपर्ने बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकको विशेष समयमा उनले अमेरिकाले नेपाललाई आफ्ना एजेन्सी, दूतावास, सरकारमार्फत सहयोग कति र कुन शीर्षकमा आयो सोको बारेमा प्रतिवेदन बनाउनुपर्ने जरुरी भएको बताए ।

'अमेरिकाबाट के कति सहयोग आएका छन्, अहिले ती सहयोगको अवस्थाका बारेमा जानकारीसहित प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । नेपालको अन्तर्राष्ट्रिय छवि र राष्ट्रिय भावनामा चोट पुऱ्याउने काम कहीँ कतैबाट हुनु हुँदैन,' सांसद बाँस्कोटाले भने, 'नेपालले अमेरिकी सहयोगका सन्दर्भमा ठगी गरेको हो वा उहाँहरूले गर्नुभएको हो ? सोबारे स्पष्ट हुनु जरुरी छ ।'

उनले अहिलेको अवस्थाबाट नेपालले स्पष्ट नीति बनाएर अघि बढ्नुपर्ने आवश्यकता भएकामा जोड दिए । नेपालले कुन सहयोग लिने वा कुन सहयोग नलिने विषयमा स्पष्ट हुनुपर्ने उनको भनाइ छ ।

सांसद बाँस्कोटाले सन् २००२ देखि सन् २०२१ सम्म करिब २१ खर्ब र सन् २०२२ देखि २०२७ सम्म ६६९ मिलियन अमेरिकी डलर नेपालले सहयोग प्राप्त गर्ने भन्ने विषयबारे सरकारले अध्ययन गरी एउटा प्रतिवेदन बनाउनुपर्ने भन्दै त्यो प्रतिवेदनमा कति-कति रकम कहाँ खर्च भयो ? भन्ने स्पष्ट आउनुपर्ने सरकारसँग माग गरे ।

'कुन सरकार हुँदा के भयो भनेर हिलो छ्याप्नुभन्दा अब नेपाल समृद्ध र सबल बनाउनका लागि सबै मिलेर योजनाबद्ध काम गर्नुपर्छ,' सांसद बाँस्कोटाले भने, 'प्राप्त सहयोग र खर्चसम्बन्धी सम्पूर्ण जानकारी सांसद र आमनागरिकले थाहा पाउनुपर्छ ।' उनले लोकतान्त्रिक गणतन्त्रको रक्षा गरी मुलुकलाई समृद्ध बनाउन आपसी सहकार्य र समन्वयको आवश्यकता औंल्याए ।

## कर्पोरेट

### शाइन आर्थिक पत्रकारिता पुरस्कार खनाललाई




**बुटवल (प्रस)–** 'शाइन आर्थिक पत्रकारिता पुरस्कार-२०८१' बाट पत्रकार दामोदर खनाल पुरस्कृत भएका छन् । आर्थिक क्षेत्रमा निरन्तर कलम चलाउँदै आएको भन्दै खनाललाई बुटवलमा केन्द्रीय कार्यालय रहेको शाइन रेसुंगा डेभलपमेण्ट बैंकले उक्त पुरस्कार प्रदान गरेको हो । बैंकको १७औं स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा खनाललाई ५० हजार १११ रूपैयाँसहित पुरस्कृत तथा सम्मान गरेको हो । बैंकका अध्यक्ष थानेश्वर पौडेल, प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेल, पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष दिनेश पाण्डेलगायतले संयुक्तरूपमा पुरस्कार तथा सम्मान प्रदान गरेका हुन् ।

तीन दशकदेखि पत्रकारितामा क्रियाशील पत्रकार खनाल एभिन्युज टेलिभिजन लुम्बिनी प्रदेश प्रमुख हुन् । पत्रकार खनाल प्रभाव दैनिकलगायत सञ्चारमाध्यममासमेत आबद्ध छन् ।

### सांग्रिला बैंकका ग्राहकलाई होटल भ्याली भ्यूमा छुट




**काठमाडौं (प्रस)–** सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहक र कर्मचारीलाई सुर्खेतको वीरेन्द्रनगरमा रहेको स्टे होटल भ्याली भ्यूमा छुट दिइने भएको छ । बैंक र उक्त होटलबीच छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको हो ।

सम्झौताअनुसार सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकले स्टे होटल भ्याली भ्यूमा उक्त बैंकको डेबिड कार्ड वा क्युआर कोडमार्फत खाना, कोठा र बेभरेजको भुक्तानी गर्दा १० प्रतिशत छुट पाउने छन् । यस्तै, बैंकका कर्मचारीलाई २० प्रतिशत छुट दिइने सम्झौतामा उल्लेख छ ।

उक्त सम्झौतापत्रमा बैंकको नेपालगञ्ज क्लस्टरका प्रमुख जयन्द्रबहादुर खड्का र स्टे होटल भ्याली भ्यूका म्यानेजिङ डाइरेक्टर तर्कबहादुर शाहीले आइतबार हस्ताक्षर गरेका छन् । सम्झौता दुई वर्षका लागि लागू हुने जनाइएको छ ।

## दोहोरो अंकले बढ्यो नेप्से

काठमाडौं (प्रस)- साताको पहिलो कारोबार दिन आइतबार सेयरबजार दोहोरो अंकले बढेको छ । आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ११.६६ अंकले बढेको हो ।

यससँगै नेप्से परिसूचक दुई हजार ७५५.४० को बिन्दुमा कायम भएको छ । आइतबार ३२८ कम्पनीको दुई करोड १२ लाख छ हजार कित्ता सेयर एक लाख आठ हजार ९१३ पटक खरिद बिक्री हुँदा ११ अर्ब ५४ करोड ८३ लाख ३७ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ । आइतबारको कारोबारमा बैंकिङ ०.०३, लगानी १.३३, जीवन बिमा ०.८६, उत्पादन तथा प्रशोधन २.७८, म्युचुअल फण्ड ०.०२, निर्जीवन बिमा ०.१३ र अन्य समूह ३.७२ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

विकास बैंक ०.४८, वित्त ०.४५, होटल तथा पर्यटन ०.५०, जलविद्युत् ०.५६, लघुवित्त ०.६६ र व्यापार समूह १.३२ प्रतिशतले घटेको हो । गार्डियन माइक्रो लाइफइस्योरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने रिलायन्स फाइनान्स लिमिटेडको सेयर मूल्य ७.२४ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ९५ करोड ६४ लाख ५१ हजार रूपैयाँबराबरको नौ लाख ९० हजार ६७२ कित्ता सेयर किनबेच भएको छ ।

# 'विदेशबाट आउनेले ल्याएका सामग्रीको स्रोत खोज्नुपर्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** भन्सार विभागका महानिर्देशक महेश भट्टराईले विदेशबाट फर्किने नेपालीले ल्याएका सुन, मोबाइल, ल्यापटप, क्यामरालगायत सामग्रीको स्रोत खोजिनुपर्ने बताएका छन् । अर्थ समितिको आइतबारको बैठकमा महानिर्देशक भट्टराईले मुख्यगरी दुबई र हङकङबाट सुन तस्करी हुने गरेको देखिएको उल्लेख गर्दै झिटीगुण्टासम्बन्धी कानुनले तोकेअनुसार वैधरूपमा ल्याइने सुनसहितका सामग्रीको पनि आर्थिक स्रोत खोजिनुपर्ने बताए ।

'झिटीगुण्टासम्बन्धी कानुनले महिलाका लागि ५० ग्राम र पुरुषको हकमा २५ ग्राम सुन ल्याउनसक्ने व्यवस्था गरेको छ । हप्ता दिनका लागि दुबई घुम्न गएकाले त्यहाँबाट फर्किंदा ५० ग्राम सुन, दुईटा आइफोन, कम्प्युटर, क्यामरालगायत सामग्री लिएर आउने प्रवृत्ति छ । दुबई र हङकङका विमानस्थलमा सुन पठाउने गिरोह नै हुनुपर्छ,' भट्टराईले भने, 'विदेशमा घुम्न जानेहरूले नेपालबाट बढीमा अमेरिकी डलर दुई हजार ५०० बराबरमात्रै लिएर गएका हुन्छन् । एक हप्तापछि फर्किंदा अमेरिकी डलर पाँच हजार बराबरको सुन लिएर आउँछन् । झिटीगुण्टा कानुनले तोकेको मापदण्डभित्रै भए पनि त्यसको आर्थिक स्रोत खोज्ने हो भने यो सरासर तस्करीका रूपमा लिन सकिन्छ ।'

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई प्रतिदिन २० किलोसम्म सुन आयात गर्न दिने गरेको बताउँदै झिटीगुण्टाका रूपमा दैनिक त्योभन्दा बढी परिमाणको सुन नेपाल आइरहेको उनले उल्लेख गरे । 'म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रमुखका रूपमा रहँदा त्यहाँ एक दिनमा २२ किलोसम्म सुन झिटीगुन्टाका रूपमा आएको भेटियो । त्यो सुन गरगहनाका रूपमा व्यक्तिगत प्रयोगका लागिभन्दा पनि अधिकांश बजारमा जाने गर्दछ,' भट्टराईले भने ।

समितिको आइतबारको बैठकमा सभापति सन्तोष चालिसेले त्रिभुवन विमानस्थल भन्सारबाट अवैध सुन भित्रिने गरेकाले वैधरूपमा ल्याइएको सुनलाई पनि भन्सार कर्मचारीले दुःख दिने गरेको व्यापक गुनासो आइरहेको बताए । उनले यसबारे महानिर्देशक भट्टराईसँग जवाफ मागेका थिए । जवाफमा महानिर्देशक भट्टराईले झिटीगुन्टा कानुनले वैध मानेको सामग्रीको पनि कुन आर्थिक स्रोतबाट खरिद भएको हो भनेर जाँचबुझ गर्नुपर्ने आवश्यकता औंल्याए ।

अर्थ समितिले आइतबार 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' माथि संशोधनकर्ता सांसदहरूसँग छलफल गरेको छ । संशोधनकर्ता सांसद महेशकुमार बर्तौलाले विधेयकले अन्तर्राष्ट्रिय व्यापारलाई मात्र नभई आन्तरिक व्यापारलाई पनि सहजीकरण गर्ने विषय कानुनमा अटाउनुपर्नेमा जोड दिए । त्यस्तै, भन्सारमा वस्तु घोषणा गर्दा व्यापारीका प्रतिनिधिको ठाउँमा स्वयं व्यापारी उपस्थित भएर घोषणा गरिनुपर्ने व्यवस्था कानुनमा राख्नुपर्ने उनले सुझाव दिए ।

बैठकमा सांसदहरू ज्ञानेन्द्रबहादुर कार्की, सूर्यबहादुर थापा क्षेत्री, गंगा कार्कीलगायतले यो विधेयकमाथिको छलफल यथाशीघ्र सक्नुपर्ने धारणा राखेका थिए । भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको जनाएको छ ।

नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो । यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधान सदस्य भएको तीन वर्षभित्र तथा संक्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ । त्यस्तै, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधानहरू भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो ।

## नेप्सेको सिइओ छान्न समिति गठन

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)को प्रमुख कार्यकारी अधिकृतको रिक्त पदमा खुला प्रतिस्पर्धामार्फत पदपूर्ति गर्ने प्रयोजनका लागि तीन सदस्यीय समिति गठन भएको छ ।

उपप्रधान एवं अर्थमन्त्रीस्तरीय निर्णयअनुसार समिति गठन भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका सहसचिव सेवन्तक पोखरेल संयोजक रहेको समितिमा अर्थका सहसचिव अमृत लम्साल सदस्य र विज्ञ सदस्यका रूपमा डा.खोमराज खरेल रहेका छन् ।

## रेसुंगा विमानस्थलमा फागुनभर उडान नहुने

**गुल्मी (प्रस)–** रेसुंगा विमानस्थलमा यही फागुन महिनाभर उडान नहुने भएको छ । विमानस्थलमा नेपाल एयरलाइन्सको सानो जहाजले उडान भर्दै आएको थियो ।

एयरलाइन्सका रेसुंगा कार्यालयका प्रमुख सुमन थापाका अनुसार उडान भर्दै आएको जहाजमा समस्या देखिएपछि हाललाई उडान स्थगन भएको हो ।

साना जहाज नेपाल एयरलाइन्समा दुईवटा छन् । 'एउटा जहाज पहिले नै बिग्रिएको र बाँकी अर्को जहाजको पनि इन्जिनमा समस्या आएपछि उडानमा समस्या आएको हो । जहाज हाल बिग्रेर मर्मतका लागि काठमाडौंमा छ,' उनले भने, 'फागुनभर पनि उडान हुने कुनै सम्भावना छैन ।' प्रमुख थापाले विदेशबाट सामग्री ल्याएर बनाउनुपर्दा समय बढी लागेको बताए । रेसुंगा विमानस्थलमा पछिल्लोपटक एयरलाइन्सले गत मंसिर २४ मा तम्घास-काठमाडौं उडान भरेको थियो । २०७९ वैशाख ३ गते पहिलो उडान भएको विमानस्थलमा झण्डै २० महिनामा ९० वटामात्र उडान भएका छन् ।

उक्त उडानमध्ये तम्घास-काठमाडौं एक हजार १६५ र काठमाडौं-तम्घास एक हजार ८८ यात्रीले सेवा पाएको स्टेसन इन्चार्ज थापाको भनाइ छ । जहाजले एकपटकमा १९ जनासम्म यात्री बोक्न सक्छ । विमानस्थलमा उडान तीन जना कर्मचारी छन् ।

# द्रुतमार्गको भौतिक प्रगति ३८ प्रतिशत



**काठमाडौं (प्रस)–** नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक महत्त्व बोकेको काठमाडौं-तराई मधेस द्रुतमार्गका भौतिक प्रगति ३८.२६ र वित्तीय प्रगति ३९.८४ प्रतिशत पुगेको छ ।

नेपाली सेनाको २६२औं स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा कूल ७०.९७७ किलोमिटर दूरीको उक्त आयोजनाअन्तर्गत रहेका सात सुरुङमध्ये दुईवटा 'ब्रेक थ्रु' भइसकेका र दुईवटा निर्माणाधीन रहेका जानकारी दिइयो । अन्य तीनवटा सुरुङको डिजाइन तथा पूर्वतयारीका कार्य भइरहेको आयोजना प्रमुख कमलविक्रम शाहले जानकारी दिए । विभिन्न कारणले उक्त आयोजनाको भौतिक प्रगति अपेक्षाअनुसार नभए पनि लक्ष्यअनुसार कार्य सम्पन्न गर्न कोसिस भइरहेको उनले बताए ।

आयोजनाको प्रस्थान बिन्दु खोकनामा जग्गा प्राप्तिसम्बन्धी विवाद अझै टुंगिसकेको छैन । राजधानीबाट तराई जोड्ने छोटो दूरीको उक्त आयोजना सम्पन्न भएपछि तराईबाट काठमाडौं ल्याउन सामानको ढुवानी लागत घट्नेमात्र नभई मुलुकको समग्र आर्थिक विकासमा कायापलट हुने अपेक्षासहित आयोजना प्रारम्भ गरिएको हो । उक्त आयोजना नेपाली सेनाले आगामी २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको प्रमुख शाहले बताए ।

यसैबीच मुलुकमा सुरक्षा, रक्षा तथा प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन गराउने उद्देश्यका साथ निर्माण सुरु गरिएको प्रतिरक्षा विश्वविद्यालयको हालसम्मको भौतिक प्रगति ३०.५२ र वितीय प्रगति २५.७५ प्रतिशत रहेको सो अवसरमा जानकारी दिइयो ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ